का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ चैत २०८२
सोमबार
16 March 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक ५३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## धान्नै गाह्रो चुनावी खर्च
# ढाँटेर विवरण पेस

मुख्य चार दलका उम्मेदवारका कागजी खर्च हेर्दा पनि हरेक निर्वाचन क्षेत्रमा कम्तीमा एक करोड प्रचार खर्च भएको देखिन्छ । यस हिसाबले १६५ निर्वाचन क्षेत्रमा उम्मेदवारहरूले १ अर्ब ६५ करोड खर्च गरेका छन् ।



चुनावमा हुने जे खर्च हो त्यही भन्न नसक्नु दलहरूको कमजोरी हो । अधिक खर्च भएको देख्दादेख्दै पनि आँखा चिम्लिएर ढाकछोप गर्नु निर्वाचन आयोग र सरकारको दोष हो ।

■ **लेखनाथ न्यौपाने**
नेता नेकपा



उम्मेदवारको वास्तविक खर्च आयोगमा बुझाएको भन्दा धेरै गुणा बढी हुने तथ्यगत प्रमाण छन् । सामाजिक सञ्जाल व्यवस्थापनमा भएको खर्चको हिसाबकिताब पूर्ण रूपमा राखिएको छैन ।

■ **डा. गोपालकृष्ण सिवाकोटी**
**अध्यक्ष, नियोक**





**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ चैत्र ।

- राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाहले चुनावको समानुपातिक मत परिणाम आइनसक्दै चुनावी खर्च सार्वजनिक गरे । फागुन २५ गते नै चुनावी खर्च विवरण बुझाएका झापा ५ बाट निर्वाचित सांसद शाहले १४ लाख १७ हजार २८९ खर्च भएको उल्लेख गरेका छन् ।
- रास्वपा सभापति रवि लामिछानेले चुनावी खर्च ९ लाख ८९ हजार रुपैयाँ र भावी अर्थमन्त्रीका रूपमा हेरिएका रास्वपाका सांसद स्वर्णिम वाग्लेले २६ लाख ९० हजार ७५४ रुपैयाँ खर्च गरेको विवरण बुझाए ।
- नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले विभिन्न शीर्षकमा २२ लाख ३१ हजार खर्च भएको विवरण बुझाएका छन् । नेकपा एमाले महासचिव शंकर पोखरेलले १६ लाख ५० हजार खर्च भएको उल्लेख गरेका छन् । प्युठानबाट एमाले उम्मेदवार सूर्य थापाले २४ लाख १० हजार ३८९ रुपैयाँ र राप्रपा नेता कमल थापाले काठमाडौं-५ बाट चुनाव लड्दा २३ लाख १० हजार रुपैयाँ खर्च भएको विवरण आयोगलाई दिएका छन् ।
- म्याग्दी क्षेत्र नं. १ बाट उम्मेदवार रहेका स्वतन्त्र उम्मेदवार महावीर पुनले २८ लाख ६८ हजार ८६८ रुपैयाँ खर्च गरेको देखाएका छन् ।

फागुन २१मा भएको निर्वाचनबाट निर्वाचित र पराजित उम्मेदवारहरूले सार्वजनिक गरेका चुनावी खर्च कमै पत्यारिला देखिएका छन् । कतिपय निर्वाचितको खर्च पराजितको भन्दा कम देखिएको छ । झट्ट हेर्दा चुनावमा खर्च गर्नेहरूले मात्रै जित्छन् भन्ने विगतको परम्परालाई तोडेको जस्तो देखिन्छ । तर, चुनावी खर्चको वास्तविकता निर्वाचन आयोगमा पेस गरेको र सार्वजनिक गरेभन्दा धेरै रहेको अनुमान गर्न कठिन छैन । गोरखा २ मा नेकपाबाट उठेका लेखनाथ न्यौपानेको अनुभवले पनि त्यसको पुष्टि गर्छ । 'चुनावी खर्च धान्न सकिने खालको >>> पृष्ठ २ मा

# समानुपातिकमा पुरानै प्रवृत्ति

समानुपातिक सांसदहरू 'बादल', पद्मा अर्याल, अर्जुननरसिंह केसी र भीष्मराज आङ्देम्बे र बलावती शर्माले विगतमा पनि सांसद भएर काम गरिसकेका छन् । केसी त वर्तमान सभापति गगन थापाका ससुरा हुन् ।







**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ चैत

राजनीतिक दलहरूले समानुपातिकतर्फ प्राप्त सिटका लागि नाम सिफारिस गरेका छन् । निर्वाचन आयोगको कार्यतालिकाअनुसार दलहरूले नाम सिफारिस गरेका हुन् । रास्वपाले ५७ जना, नेपाली कांग्रेसले २० जना, नेकपा एमालेले १६ जना, नेपाली कम्युनिस्ट पार्टीले ९ जना, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ४/४ जनाको नाम सिफारिस गरेका छन् ।

२१ फागुनमा सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ५१ लाख ८३ हजार ४९३, नेपाली कांग्रेसले १७ लाख ५९ हजार १७२, नेकपा एमालेले १४ लाख ५५ हजार ८८५, नेपाली कम्युनिस्ट पार्टीले ८ लाख ११ हजार ५७७, श्रम संस्कृति पार्टीले ३ लाख ८५ हजार ९०२ र राप्रपाले ३ लाख ३० हजार ६८४ मत पाएका थिए । दलहरूले पाएको मतका आधारमा समानुपातिक सिट बाँडफाँट भएको हो ।

रास्वपाले खसआर्य क्लस्टरबाट १७ जना, जनजातिबाट १६ जना, मधेशीबाट ९ जना, दलितबाट ८ जना, थारूबाट ४ जना र मुस्लिम क्लस्टरबाट ३ जनाको नाम सिफारिस गरेको छ । जसमा ४८ जना महिला र ९ जना पुरुष छन् । तर, उनीहरूको नाम सार्वजनिक गरिएको छैन ।

रास्वपाका प्रवक्ता मनीष झाले निर्वाचन आयोगबाट सदर भएसँगै समानुपातिक सांसदहरूको नाम सार्वजनिक हुने बताएका छन् । नेपाली कांग्रेसले पनि २० जना समानुपातिक सांसदको नाम सिफारिस गरेको छ । कांग्रेसका प्रवक्ता देवराज चालिसेका अनुसार आइतबार बसेको केन्द्रीय कार्यसम्पादनको बैठकले १५ महिला र ५ पुरुष सांसदहरूको नाम फाइनल गरेको हो ।

आदिवासी जनजातिबाट ६ जना, खसआर्यबाट ६ जना तथा थारू, दलित, मधेसी, मुस्लिम र पिछडिएका गरी कुल ५ जनाको नाम सिफारिस गरिएको छ ।

खसआर्य कोटाबाट सुशीला ढकाल, रुक्मिणीदेवी कोइराला, रीना उप्रेती, सीता थपलिया, गंगा शाही, अर्जुननरसिंह केसी रहेका छन् । आदिवासी जनजाति कोटाबाट गीताकुमारी सेन्दाङ, गंगालक्ष्मी अवाल, गीता गुरुङ, रेनुका काउचा, सुनिताकुमारी सुवेदी र भीष्मराज आङ्देम्बे छन् । >>> पृष्ठ २ मा

# गैरआवासीय नेपालीलाई नागरिकताको चिन्ता
## भन्छन्– कथं कदाचित देशको कानुनले हामीलाई नचिन्ला !

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, १ चैत ।




सुख खोज्ने रहर पूरा गर्न वा अभावलगायत कहर झेल्न विश्वका ९२ देश पुगेका र त्यहाँको नागरिक बनेका लाखौं नेपालीको एउटै साझा चिन्ता छ - 'कथं कदाचित देशको कानुनले आफूहरूलाई नचिन्ला ।'

यो चिन्ताले उनीहरूलाई २३ वर्षअघि गैरआवासीय नेपाली संघ (एनआरएनए)मार्फत एक ठाउँमा ल्यायो । त्यही चिन्ताले उनीहरूलाई जन्मभूमि नेपालमा परराष्ट्र मन्त्रालय हुँदै सरकारसँग आफ्ना समस्या राख्न र अनुकूलको नीतिनियमका लागि पैरवी गर्न उक्सायो । अनि त्यही चिन्ताले संविधान सभाबाट संविधान बन्दै गर्दा गैरआवासीय नेपालीलाई सम्बोधन गर्न र उनीहरूलाई नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिका लागि 'लबिङ' गर्न प्रेरित गऱ्यो, सफलता पनि दिलायो ।

त्यसपछि पनि लगातारको पैरवीको फलस्वरूप 'गैरआवासीय नेपाली नागरिकता' प्राप्त गरेका उनीहरू अहिले सरकारका विभिन्न निकायले त्यो 'नागरिकता' नचिन्दा आश्चर्यचकित भएका छन् । विश्वभरका गैरआवासीय नेपालीलाई नेतृत्व गरिरहेका एनआरएनए अध्यक्ष बद्री केसीले आफूले पाएको 'नागरिकताको मिति दुई वर्षमै सकियो' भन्दै ठूलो लाक्षणिक अभिव्यक्ति दिए ।

गोजीमा गैरआवासीय नेपाली नागरिकता भए पनि त्यसलाई नेपालको सरकारी संयन्त्रले चिन्दैन कि भन्ने चिन्ता उनीहरूलाई छ । यसकारण उनीहरू सरकार र राजनीतिक दलहरूको ध्यानाकर्षण गरिरहेका छन् ।

यो अवस्था गैरआवासीय नेपालीको सीप र सामर्थ्यलाई देशको समृद्धिका लागि प्रयोग गर्नुपर्ने आमबुझाइ र संविधानको मर्मको समय प्रतिकूल देखिन्छ । अहिले चलिरहेको १२औं अन्तर्राष्ट्रिय महाधिवेशनमा सक्रिय एनआरएनए उपाध्यक्ष रामशरण सिंखडाले मध्यान्हसँग कुरा गर्दै आफूहरू यही गाँठो फुकाउन सम्पूर्ण शक्ति लगाएर काम गरिरहेको जानकारी दिए ।

'राज्यका निकायहरूले वा कानुनले उनीहरूको हैसियतलाई नचिन्दा देशले अपेक्षा गरेजस्तो विभिन्न खालका लगानीका लागि आर्थिक कारोबार हुनै सक्दैन,' सिंखडा स्पष्ट पार्दै भन्छन् । नेपालीहरूले विदेशमा दशकौं पसिना बगाएर आर्जित सम्पत्ति र कुनै पनि आयोजनामा गरिने लगानीको प्रतिफल सुरक्षित रूपमा पाउनसक्ने वातावरण बन्नैपर्नेमा उनको जोड छ । विदेशी लगानीकर्तालाई अनेकौं सुविधा दिएर स्वागत गर्दै राज्यले नेपाली सन्ततिलाई नै कानुनी संरक्षण गर्दैनौं भन्न सक्छ र ?' सिंखडाको प्रश्न छ ।

विभिन्न कारणले विदेशिएका नेपालीहरूले त्यहाँ उपलब्ध सबै अवसर प्राप्त गर्न खोज्ने भएकाले त्यहाँको नागरिकता वा स्थायी बसोवासको कानुनी हैसियत प्राप्त गर्न खोज्ने सिंखडा बताउँछन् । यतातिर मातृभूमिको संविधान र कानुनमा भने विदेशी नागरिकता प्राप्त गरेकै क्षण नेपाली नागरिकताको हैसियत स्वतः समाप्त हुने प्रावधान छ । त्यस्तोमा गैरआवासीय नेपालीको खोजी स्वदेशमा रहेका नागरिकसरह नभई सांस्कृतिक, सामाजिक र आर्थिक हकयुक्त नागरिकता मात्र भएको सिंखडा बताउँछन् ।

एनआरएनएको लामो अभियानपछि नेपालको संविधान २०७२ले गैरआवासीय नेपालीलाई पहिचान गरेको छ । उनीहरूलाई राजनीतिकबाहेकको हक दियो । त्यसपछि बनेका कानुनले भने आफूहरूको सबै पक्षलाई सम्बोधन गर्न नसकेको सिंखडा बताउँछन् । 'संविधान बन्नुभन्दा अघि बनेको गैरआवासीय नेपाली ऐन २०६४ले गैरआवासीय नेपालीलाई एउटा परिचयपत्र दिने व्यवस्था गरेको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कतारबाट साउदी हुँदै नेपाल जान खर्चिलो भए पनि श्रमिक इच्छुक देखिए : का.वा. राजदूत राई

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १ चैत



कतारबाट नेपाल फर्किन चाहने नेपालीका लागि साउदी अरब हुँदै यात्रा गर्न सकिने विकल्पबारे नेपाली राजदूतावास कतारले जारी गरेको सूचनापछि सामाजिक सञ्जालमा व्यापक आलोचना भएको छ । दूतावासले शनिबार सूचना जारी गर्दै साउदीको भिसा लिएर नेपाल जान सकिने जानकारी दिएको थियो । तर सूचनामा सार्वजनिक गरिएको फोन >>> पृष्ठ २ मा

# श्रम स्वीकृति स्थगन नगर्न साउदीबाट ध्यानाकर्षण

**अञ्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, १ चैत

साउदी अरबमा क्रियाशील नेपाली सामाजिक संस्थाहरूले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति स्थगन नगर्न सरकारको ध्यानाकर्षण गराएका छन् । अमेरिका, इजरायल र इरानबीच युद्ध सुरु >>> पृष्ठ २ मा

### कतारमा १ हप्ता सार्वजनिक बिदा

कतार/मस- इद-उल-फित्रको अवसरमा कतारमा एक हप्ता लामो सार्वजनिक बिदा घोषणा गरिएको छ । मन्त्रालय, अन्य सरकारी निकाय तथा सार्वजनिक संस्था र प्राधिकरणहरूका लागि मार्च १७ मंगलबारदेखि मार्च २३ तारिख सोमबारसम्म बिदा दिइएको छ । कतारमा वित्तीय क्षेत्रको बिदा भने कतार केन्द्रीय बैंकका गभर्नरले निर्धारण गर्ने बताइएको छ ।



# राअविका पूर्वमहानिर्देशकविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारीविरुद्ध घुस लिई सम्पत्ति शुद्धीकरण गरेको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। आयोगले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभागमा राजस्व चुहावटसम्बन्धी छानबिनमा संलग्न रहँदा अधिकारीले एक व्यवसायीबाट ठूलो रकम घुस लिएको र उक्त रकम विभिन्न माध्यम प्रयोग गरी शुद्धीकरण गरेको निष्कर्षसहित मुद्दा दायर गरिएको हो।



अधिकारीले राजस्व अनुसन्धान विभागमा दर्ता रहेको राजस्व चुहावटसम्बन्धी छानबिन तथा अन्य सम्भावित कसुरबाट बचाउन सहजीकरण गरिदिने नाममा एच के इन्टरप्राइजेज प्रालिका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट घुस लिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ। अधिकारीले ७० लाख घुस/रिसवत लिएको आयोगको ठहर छ। अनुसन्धानका क्रममा अधिकारीले प्राप्त घुस रकम प्रत्यक्ष रूपमा प्रयोग नगरी विभिन्न व्यक्तिसँगको मिलेमतोमा बैंक खातामार्फत घुमाएर प्रयोग गरेको पाइएको आयोगले जनाएको छ। निजले विकास चापागाईं, देवेन्द्र केसी र रवीन्द्र लामिछानेलगायतसँगको सल्लाह तथा मिलेमतोमा रकम विभिन्न बैंक खातामा जम्मा गराई त्यसलाई तहीकरण गर्दै घुसको स्वरूप परिवर्तन गर्ने प्रयास गरेका आयोगले उल्लेख गरेको छ उक्त रकम ग्लोबल आइएमई बैंक, लुम्बिनी विकास बैङ्क र लक्ष्मी सनराइज बैंकलगायतका बैंक तथा वित्तीय संस्थामा रहेको खातामार्फत जम्मा गराई चरणबद्ध रूपमा कारोबार गरिएको जनाइएको छ। यसरी विभिन्न खातामार्फत रकम घुमाएर स्रोत लुकाउने तथा घुस रकमलाई वैध देखाउने प्रयास गरिएको आयोगको दाबी छ।

अनुसन्धानबाट उक्त रकमको केही भाग मध्यपुर थिमी नगरपालिकास्थित दिव्यश्वरी आयोजना क्षेत्रभित्र रहेको जग्गा खरिदमा प्रयोग गरिएको पनि खुलेको छ। भक्तपुर जिल्लाको साबिक वडा नं १७ (हाल वडा नं २) मा पर्ने कित्ता नं ९९८ को करिब १६४ वर्गमिटर क्षेत्रफल भएको जग्गा खरिदका लागि उक्त रकम प्रयोग गरिएको तथ्य पुष्टि भएको आयोगले जनाएको छ।

यस्तै, अनुसन्धानका क्रममा घुस रकमको केही अंश देवेन्द्र केसीसमेत सञ्चालक रहेको पर्यटन व्यवसायसँग सम्बन्धित संस्थाको कर्जा भुक्तानीमा समेत प्रयोग भएको पाइएको छ। आयोगका अनुसार 'द कुटी रिसोर्ट' नामक परियोजनासँग सम्बन्धित कर्जा तिर्न घुसबाट प्राप्त रकम प्रयोग गरिएको प्रमाण भेटिएको हो। आयोगले यो प्रकरणमा संलग्न व्यक्तिहरूबीच आपसी सल्लाह र मिलेमतोमा घुस रकमलाई विभिन्न बैंक खातामा जम्मा गरी त्यसलाई क्रमशः अन्य आर्थिक कारोबारमार्फत वैध देखाउने प्रयास गरिएको निष्कर्ष निकालेको छ।

# पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि

काठमाडौं/मस-नेपाल आयाल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। निगमले पेट्रोलमा १५ रुपैयाँ तथा डिजेल र मट्टीतेलमा १० रुपैयाँ बढाएको हो। वृद्धि भएको मूल्य आइतबार राति १२ बजेबाट लागू हुने निगमले जनाएको छ।




अब तेस्रो वर्ग अन्तर्गत पर्ने काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य १ सय ७२ रुपैयाँ कायम भएको छ भने डिजेल र मट्टितेलको मूल्य १ सय ५२ रुपैयाँ पुगेको छ।

दोस्रो वर्ग अन्तर्गत पर्ने दाङ र सुर्खेतमा पेट्रोलको मूल्य १ सय ७१, डिजेल र मट्टितेलको मूल्य १ सय ५१ पुगेको छ।

पहिलो वर्ग अन्तर्गत पर्ने चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारि, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा भने पेट्रोलको मूल्य १६९ रुपैयाँ ५० पैसा र डिजेल-मट्टितेलको मूल्य १ सय ४९ रुपैयाँ ५० पैसा कायम भएको छ।

# भारतीय तीर्थयात्रीको मृत्यु भएको दुर्घटनाबारे छानबिन गर्न समिति गठन

गोरखा/मस-सात भारतीय तीर्थयात्रीको ज्यान जाने गरी गोरखामा भएको सवारी दुर्घटनाको छानबिन गर्न समिति गठन गरिएको छ।



गण्डकी प्रदेश प्रहरी कार्यालयले प्रदेश ट्राफिक प्रमुख प्रहरी उपरीक्षक दानबहादुर थापाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भरत विकले जानकारी दिए।

समितिले १४ भारतीय तीर्थयात्री बोकेको बाग्मती प्रदेश १-००६ख८४३० नम्बरको माइक्रो बस दुर्घटना भएको विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गर्नेछ। सो माइक्रोबस मनकामना-आँबुखैरेनी सडक खण्डअन्तर्गत सहिद लखन गाउँपालिका-३ कान्टार नजिक भिरबाट खसेर दुर्घटना भएको थियो।

सो दुर्घटनामा मनकामनाको पूजाआजा गरी फर्केका तमिलनाडु राज्य, चेन्नईका सात जनाको घटनास्थलमा नै मृत्यु भएको थियो। मृतकहरुको प्रदेश अस्पताल गोरखामा शवपरीक्षण गरी शव भारतीय दूतावासलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ। अन्य सात गम्भीर घाइतेको पुरानो मेडिकल कलेज चितवनमा उपचार भइरहेको छ।

# उदयपुरमा ट्याक्टर दुर्घटना, चालकको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ चैत्र

उदयपुरमा ट्याक्टर दुर्घटनामा परी चालकको मृत्यु भएको छ। बेलका नगरपालिका २ गिदेरी खोलास्थित बानडाँडाबाट गिदेरीतर्फ खेत जोत्न जाँदै गरेको प्रदेश १-०४-००१ त १३३२ नं. को रोटाभेटर जडान ट्याक्टर गिदेरी खोलाको उकालो निस्कने क्रममा दुर्घटनामा परेको हो।

दुर्घटनामा चालक सोही ठाउँ बस्ने सोकिन्दर चन्द्रवंशीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

खबर प्राप्त हुनसाथ इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट एसओसिओ सहितको प्रहरी टोली खटिएर आवश्यक कानूनी प्रक्रिया पुरा गरी शव पोस्टमार्टमका लागि वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा पठाइएको प्रहरीले जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान समेत भइरहेको प्रहरीले जनाएको छ।

## ढाँटेर...

छैन। खर्चको जे विवरण भनेर सार्वजनिक गरिएका छन्, व्यवहारमा त्योभन्दा कैयौं गुणा खर्च भएको छ,' उनले भने। उनले चुनाव खर्च जुटाउन एक सयदेखि एक हजार सहयोग अभियान चलाएको बताए। तैपनि आफू ऋणमा परेको न्यौपानेको अनुभव छ।

निर्वाचन आयोगले तोकेको सिलिङभन्दा माथि जान कानुनी हिसाबले मिल्दैन तर व्यावहारिक हिसाबले कुरा गर्दा तोकिएको भन्दा कैयौं गुणा बढी खर्च हुने गरेको उनको दाबी छ। आयोगले दिएको सिलिङभन्दा कम खर्च देखाएका उम्मेदवारले सरदर २५ लाख रुपैयाँवरिपरिको विवरण बुझाएका छन्। मुख्य चार दलका उम्मेदवारको मात्रै हिसाब गर्दा हरेक निर्वाचन क्षेत्रमा कम्तीमा एक करोड खर्च गरेको देखिन्छ। यो हिसाबलाई मात्रै मान्ने हो भने पनि १६५ निर्वाचन क्षेत्रमा थोरैमा पनि १ अर्ब ६५ करोड रुपैयाँ खर्च हुन आउँछ। अन्य सबै दल र स्वतन्त्र उम्मेदवारको खर्च जोड्दा कैयौं गुणा बढी अनावश्यक खर्च भएको देखिन्छ। अझै वास्तविक खर्चको हिसाब कसैले बुझाउन सकेका छैनन्।

राजनीतिक दल र उम्मेदवारले मात्रै होइन, निर्वाचन आयोगसहित सबै जिम्मेवार नहुँदा फर्जी खर्च देखाएर सबै पन्छिनुपर्ने अवस्था आएको नेता न्यौपानेले बताए। 'जे खर्च हो त्यही भन्न नसक्ने राजनीतिक पार्टीको समस्या र खर्च भएको देख्दादेख्दै पनि आँखा चिम्लिएर ढाकछोप गर्नु निर्वाचन आयोग, सरकार सबैको दोष हो,' उनले भने, 'नेपाली संस्कार नै पैसा भएपछि मतदाता किन्न सकिन्छ र चुनाव जितिन्छ भन्ने छ। यस सन्दर्भमा दलहरू मात्रै दोषी छैनन् यसको जिम्मेवार सबै निकाय हुन्।' न्यौपानेले २४ लाख वरपर खर्च गरेको उनको भनाइ छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फका उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिकतर्फका राजनीतिक दलले आयोगले तोकेको ढाँचामा खर्च विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था छ। आयोगले भौगोलिक विकटता, मतदाता संख्या र क्षेत्रफलका आधारमा खर्च सीमा २५ लाखदेखि ३३ लाख रुपैयाँसम्म तोकेको छ। जसमध्ये ५ सुगम क्षेत्रमा २५ लाख, १७ क्षेत्रमा २७ लाख, ६५ क्षेत्रमा २९ लाख, ५२ क्षेत्रमा ३१ लाख र २६ क्षेत्रमा ३३ लाख रुपैयाँ प्रतिउम्मेदवार खर्च गर्न पाउने सीमा निर्धारण गरेको थियो।

आयोगले खर्च विवरण प्राप्त भएपछि त्यसको अध्ययन र प्रमाणीकरणको प्रक्रिया अघि बढाउने जनाएको छ। अन्य उम्मेदवारले पनि सम्बन्धित निर्वाचन कार्यालयमा विवरण बुझाउने क्रम जारी छ। पारदर्शिताका लागि चुनावी खर्च विवरण बुझाएका उम्मेदवारले करोड खर्च गरेर लाखमा खर्च देखाउने प्रतिस्पर्धा चलेको देखिन्छ। उम्मेदवारहरूले खर्च विवरण सार्वजनिक गर्दा सवार ीसाधन भाडा, इन्धन, प्रचार सामग्री छपाइ, चुनावी आमसभा, खाना खाजा, स्वयंसेवक परिचालन, होटलवास, उम्मेदवारी दर्तालगायत खर्च देखाएका छन्। सामाजिक सञ्जाल प्रयोग, बुस्टिङ, कन्टेन्ट क्रियटरलगायत मिडिया परिचालनको खर्च भने कसैले पनि देखाउन चाहेका छैनन्।

प्रतिनिधिसभा निर्वाचन संयुक्त पर्यवेक्षण समितिले समेत उम्मेदवारहरूले खर्चमा पारदर्शिता कायम गर्न नसकेको दाबी गरेको छ। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)ले सार्वजनिक गरेको प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा उम्मेदवारहरूले कानुनले तोकेको सीमाभन्दा बढी खर्च गरेको र खर्चमा पारदर्शितासमेत कायम गर्न नसकेको नियोकका अध्यक्ष डा.गोपालकृष्ण सिवाकोटीले बताए। 'उच्च प्रोफाइल निर्वाचन क्षेत्रमा वास्तविक खर्च त्यसको धेरै गुणा बढी हुने तथ्यगत प्रमाण संकलन गरिएको छ,' उनले भने, 'सामाजिक सञ्जाल व्यवस्थापनमा भएको खर्च पूर्ण रूपमा बाहिर देखिएको छ। निर्वाचनका क्रममा केन्द्र र जिल्लास्तरीय अनुगमन समितिहरूमा १५ सयभन्दा बढी उजुरी प्राप्त भए पनि कार्यान्वयनको अवस्था कमजोर देखिएको छ।'

करोडौं खर्च गरेका सांसदहरूले पारदर्शिताका नाममा पहिलो चरणमै नागरिकलाई झुक्याउने काम गर्ने प्रवृत्ति आफैंमा खराब प्रवृत्तिको सुरुआत भएको भन्दै कार्यकर्ता तहबाटै विरोध हुन थालेको छ। सांसद महावीरलाई मतदाताले स्वस्फूर्त चन्दा सहयोग गर्दै आएकाले उनको खर्चमा पारदर्शिता देखिन्छ। तर, पुनले भन्दा १० गुणा बढी खर्च गरेकाहरूले समेत पुनको भन्दा आधा कम खर्च देखाएर मतदातालाई ढाँट्ने काम भएको भन्दै आमटिप्पणी भइरहेका छन्। निर्वाचनताका अधिकांश उम्मेदवारले कम्तीमा दुई करोडदेखि १० करोड सम्म खर्च गर्ने गरेको अनौपचारिक छलफलमा बताए पनि औपचारिक रूपमा उनीहरूले निर्वाचन आयोगले दिएको मापदण्डभन्दा आधा मात्रै खर्च देखाउने प्रतिस्पर्धा चलेको दलका नेताहरूले नै दाबी गरेका छन्। खर्च सार्वजनिक गर्दा निर्वाचन आयोगले तोकेको सिलिङको एकतिहाइ कम मात्रै देखाएका छन्।

## समानुपातिकमा...

मधेशी कोटाबाट निनुकुमारी कर्ण, रेखाकुमारी यादव, चन्द्रमोहन यादव छन्। दलित कोटाबाट हरिनादेवी कामी, पवित्रा विक, मानबहादुर नेपाली र थारू कोटाबाट प्रमिलाकुमारी गच्छदार, मुस्लिम कोटाबाट शाहजान खातुनको नाम सिफारिस गरेको छ।

यसमध्ये अर्जुननरसिंह केसी र भीष्मराज आङ्देम्बे पटक-पटक सांसद भएर काम गरिसकेका नेता हुन्। केसी त वर्तमान सभापति गगन थापाका ससुरा हुन्।

नेकपा एमालेले १६ जनाको नाम सिफारिस गरेको छ। केन्द्रीय निर्वाचन विभाग प्रमुख नीरज आचार्यका अनुसार जनजाति क्लस्टरबाट भूमिका सुब्बा, गंगादेवी श्रेष्ठ, रामबहादुर थापा 'बादल' र कुलभक्त शाक्यको नाम भएको छ।

महिलातर्फ पद्मा अर्याल, टुकाभद्रा हमाल, एशुदाकुमारी बरालको नाम भएको छ। पुरुषतर्फ गुरुप्रसाद बराल, पुष्पराज कँडेल, थारू पुरुषबाट कृपाराम राना, दलित महिलाबाट विष्णुमाया विक र नीता घतानी तथा मधेसी महिलामा रिङ्ला यादव तथा यशोधाकुमारी यादव, मधेसी पुरुषतर्फ चन्द्रेश्वर मण्डल र मुस्लिमबाट साजिदा सिद्धिकीको सिफारिस भएको छ।

यसमध्ये बादल यसअघि पहिलो संविधानसभामा थिए। त्यसबेला उनी रक्षामन्त्री बनेका थिए। २०७४ सालमा राष्ट्रिय सभा सदस्य भएका उनी त्यसबेला गृहमन्त्री बनेका थिए। यसपटक समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधिसभा सदस्य हुन लागेका हुन्। पद्मा अर्याल पनि २०७४ सालमा प्रतिनिधिसभा सदस्य भएकी थिइन्। त्यसबेला भूमि व्यवस्थामन्त्री बनेकी थिइन्। २०७९ सालमा स्याङ्जा २ बाट चुनाव हारिन्। यसपटक समानुपातिक तर्फबाट सांसद बन्न लागेकी हुन्।

यस्तै, निर्वाचन आयोगमा नेपाली कम्युनिस्ट पार्टीले बुझाएको समानुपातिकतर्फका नाममा खसआर्यबाट प्रमेश हमाल र बलावती शर्मा, आदिवासी जनजाति समूहबाट परशुराम तामाङ र भीमकुमारी बुढा, अपांगताबाट प्रेमबहादुर बयक, मधेशी समूहबाट जोगकुमार बर्बरिया यादव, दलितबाट पार्वती विक र गणेश विश्वकर्मा, थारू समूहबाट निराशा चौधरी डगौरा रहेका छन्। यसमध्ये बलावती शर्मा २०६३ सालमा अन्तरिम व्यवस्थापिका सदस्य थिइन्।

निर्वाचन आयोगले दलहरूबाट प्राप्त नाम रुजु गरी आवश्यक प्रक्रिया अगाडि बढाउने बताएको छ। आयोगले दलहरूबाट प्राप्त नामउपर निर्णय लिएसँगै निर्वाचित सांसदहरूलाई प्रमाणपत्र दिनेछ।

२७५ सदस्यीय प्रतिनिधिसभामा १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन्। ११० जना समानुपातिक तर्फबाट आउँछन्। समानुपातिकतर्फका सांसदहरू निर्वाचित भएसँगै आयोगले निर्वाचन परिणाामसहितको प्रतिवेदन राष्ट्रतिकहाँ पठाउँछ। त्यसपछि नयाँ सरकार गठनको बाटो खुल्नेछ।

## गैरआवासीय...

थियो। त्यसपछि बनेको संविधान र त्यसअन्तर्गतका कानुनले कम्तीमा एनआरएनलाई आवतजावत, घरजग्गा खरिदबिक्री र चालक अनुमतिपत्रजस्ता कुरामा सहजता थपिदेला भन्ने थियो जुन अहिलेसम्म हुन सकेको छैन,' उनको भनाइ छ। साथै गैरआवासीय नागरिकताका आधारमा निश्चित दायरामा सम्पत्ति खरिदको अधिकार पनि अहिले व्यवहारतः खोसिएको अनुभव एनआरएनएले गरेको उनी बताउँछन्।

'न त त्यो नागरिकतालाई यातायात व्यवस्था कार्यालयले चिन्छ न मालपोतले। सबै निकायमा हामीलाई यो नागरिकताका आधारमा काम गरिदिनू भन्ने परिपत्र छैन' भन्ने गरिएको छ। निष्कर्षमा उनी भन्छन्, 'गोजीमा गैरआवासीय नेपालीको नागरिकता छ तर त्यसलाई नेपालकै सरकारी कार्यालयले चिन्दैनौं भनिदिन्छन्।'

यद्यपि यसो हुनुमा यताको सरकारको मात्र नभई आफूहरूको समेत पनि कमजोरी रहेको उनको स्वीकारोक्ति छ। 'हामीले पनि संगठनको एकता कायम राख्न सकेनौं, आफैं फुट्यौं र कतिपय अवस्थामा उच्छृंखल अभिव्यक्ति पनि हाम्रा तर्फबाट भयो,' उनले भने। त्यसको छायाबाट एनआरएनए यो अधिवेशनमा समेत मुक्त हुन नसकेको उनी बताउँछन्।

जेनजी आन्दोलनपछि गठित सरकारसँग पनि यसबारे कुरा गरिएको र अब आउने सरकारसँग एनआरएनएको नयाँ नेतृत्वले राम्रो संवाद गरेर समस्या समाधानतर्फ जाने पनि उनले बताए।

## कतारबाट...

नम्बरमा सम्पर्क हुन नसक्नुका साथै दूतावासका सामाजिक सञ्जाल एपहरू सक्रिय नभएको पाइएपछि श्रमिक र सर्वसाधारणले चर्को असन्तुष्टि जनाएका हुन्।

यो विषयमा मध्यान्ह दैनिकले समाचार प्रकाशित गरेपछि थप जिज्ञासा र प्रश्न उठे। ती प्रश्नहरूको जवाफ खोज्न मध्यान्हकर्मी आइतबार नेपाली राजदूतावास पुगेका थिए। त्यहाँ कतारका लागि नेपाली कार्यवाहक राजदूत कुमार राई तथा दूतावासका जनसम्पर्क अधिकृत (पिआरो) ताजसँग साउदी भिसा प्रक्रियाबारे सामाजिक सञ्जालमा उठेका विभिन्न प्रश्नहरू राखिएको थियो।

कार्यवाहक राजदूत राईका अनुसार हाल कतारबाट नेपालका लागि सिधा उडान नियमित रूपमा सञ्चालन हुन सकेको छैन। यस्तो अवस्थामा साउदी अरबबाट नेपालका लागि उडान भइरहेकाले त्यही मार्ग प्रयोग गरेर नेपाल फर्कन सकिने विकल्पबारे सूचना जारी गरिएको उनले बताए। उनले धेरै नेपालीले साउदीको भिसा लिन लामो समय लाग्ने समस्या रहेको भन्दै नेपाली नियोगसँग सहजीकरणका लागि अनुरोध गरेपछि दूतावासले वैकल्पिक मार्गबारे जानकारी गराएको बताए।

राईका अनुसार दूतावासले आफ्नो जनसम्पर्क अधिकृतमार्फत कतारस्थित साउदी दूतावाससँग सम्पर्क गरी विषम परिस्थितिलाई ध्यानमा राख्दै छोटो समयमा भिसा जारी गर्न आग्रह गरेको थियो। त्यसपछि साउदी दूतावासकै सुझावअनुसार तासिर भिसा सेन्टरमार्फत भिसा आवेदन दिन सकिने जानकारी श्रमिकहरूलाई सूचनामार्फत उपलब्ध गराइएको उनले बताए।

तर साउदी हुँदै जाँदा यात्रुहरूलाई थप आर्थिक भार पर्ने तथा सूचनामा दिइएको फोन नम्बरमा पनि सम्पर्क नहुने विषयमा उठेको प्रश्नमा राईले उक्त नम्बर भिसा सेन्टरको वेबसाइटबाट लिइएको बताए। भिसा सेन्टरले फोन नलाग्ने नम्बर किन राख्यो भन्ने विषय आफूले पनि नबुझेको उनले बताए। साथै फोनमार्फत अपोइन्टमेन्ट लिन नसकिने स्पष्ट पार्दै उनले प्रक्रियामा कतै-कतै दूतावासको कमजोरी देखिएको स्वीकार गरे र त्यसलाई सुधार गरिने बताए।

उनका अनुसार दूतावासले साउदी हुँदै नेपाल जान चाहने श्रमिकहरूको चाहना र दूतावासमा प्राप्त अनुरोधका आधारमा मात्र सहजीकरण गरेको हो। साउदी भिसाका लागि एपोइन्टमेन्ट भने कतारस्थित साउदी भिसा सेन्टरको वेबसाइट भिसी डट तसिर डट कममार्फत मात्रै लिन सकिने उनले स्पष्ट पारे। साथै दूतावासले सहजीकरण मात्रै गरेको भन्दै भिसा शुल्क, कतारदेखि साउदीसम्मको यात्रा खर्च, साउदीबाट नेपाल जाने हवाई टिकट र त्यहाँ बस्नुपरेमा लाग्ने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्नुपर्ने उनले बताए। त्यसैले यस्तो मार्ग प्रयोग गर्दा खर्च बढी पर्न सक्ने उनले स्वीकार गरे।

कतारका आधिकारिक निकायसँग समन्वय गरेर विशेष उडानको पहल किन नगरेको भन्ने प्रश्नमा राईले नेपाली नियोगले सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिरहेको बताए। उनले नियोगकै आग्रहमा कतार एयरवेजले मार्च १६ र १७ तारिख विशेष उडान सञ्चालन गर्न लागेको जानकारी दिए। उनका अनुसार कतारबाट नेपाल जाने यात्रु भए पनि नेपालबाट कतार फर्कने यात्रु कम भएकाले नियमित उडान सञ्चालन हुन कठिन भएको अवस्था रहेको छ।

राईले हाल विशेष परिस्थिति भएकाले अत्यावश्यक नपरेसम्म यात्रा नगर्न पनि नेपालीहरूलाई आग्रह गरे। उनका अनुसार असहज परिस्थितिमा परेका १८ जना नेपालीलाई दूतावासले कतार एयरवेजसँग समन्वय गरेर नेपाल पठाइसकेको छ। दूतावासको अभिलेखअनुसार तीमध्ये अधिकांश नेपालमा काजकिरिया गर्न जानुपर्ने कारणले फर्किएका थिए।

कतारमाथि भएको आक्रमणको निन्दा गर्दै राईले निकट भविष्यमा कतार एयरवेजले नियमित उडान पुनः सञ्चालन गर्ने विश्वास व्यक्त गरे। उनले कतारमा नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सका कर्मचारीहरू रोकिएको अवस्थामा दूतावासले समन्वय गरेर नेपाल पठाएको स्मरण गरे। साथै बाहिरबाट आएका ठूला पानीजहाजमा काम गर्ने नेपालीदेखि ट्रान्जिटमा रहेका नेपालीहरूसम्मलाई दूतावासले आवश्यक सहयोग र समन्वय उपलब्ध गराएको उनले बताए।

सबै गतिविधि सार्वजनिक रूपमा मिडियामा आउन नसक्ने उल्लेख गर्दै उनले कूटनीतिक कारणले सबै विवरण सार्वजनिक गर्न नमिल्ने बताए। त्यसका बावजुद दूतावास श्रमिकहरूको सहयोगका लागि सदैव तयार रहेको उनले बताए।

यसैबीच दूतावासका जनसम्पर्क अधिकृत ताजका अनुसार मार्च १६ र १७ मा कतारबाट नेपाल जाने विशेष उडानमार्फत करिब पाँचवटा शव पनि नेपाल पठाउने तयारी गरिएको छ। सडक दुर्घटना तथा हृदयाघातका कारण मृत्यु भएका नेपालीहरूको शव पठाउन दूतावासले आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) जारी गरिसकेको उनले जानकारी दिए।

कतारबाट सिधा उडान उपलब्ध नभएको तथा टिकट नपाएको अवस्थामा साउदी भिसा लिएर नेपाल जानका लागि तासिर भिसा सेन्टरबाट एपोइन्टमेन्ट लिनका लागि प्रक्रिया रहेको छ। उक्त प्रक्रियाअनुसार गुगलमा भिसी डट तासिर डट कम वेबसाइट खोलेर 'कतार-इङ्लिस' विकल्पमा क्लिक गर्नुपर्छ। त्यसपछि 'सेड्युल एन एप्वइन्टमेन्ट' मा गएर आवश्यक विवरण भर्नुपर्ने हुन्छ।

आवेदन गर्दा राष्ट्रियता 'नेपाली', भिसा प्रकार 'टुरिजम', प्रवेश संख्या 'सिंगल' र भिसा अवधि '९० दिन' चयन गर्नुपर्छ। त्यसपछि 'कन्सेन्ट' मा टिक लगाएर 'कन्टिन्यु' मा क्लिक गर्नुपर्छ। त्यसपछि आउने 'ट्र्म्स एन्ड कन्डिसन्स' स्वीकार गरी प्रक्रिया अगाडि बढाउन सकिन्छ।

त्यसपछि आफ्नो वैध इमेल ठेगाना र पासपोर्ट नम्बर राखेर 'कन्टिन्यु' गर्दा इमेलमा आउने ओटिपी प्रविष्ट गरी प्रमाणित गर्नुपर्छ। त्यसपछि आवेदनकर्ताले भरेका विवरण पुनः देखिने भएकाले रुजु गरेर व्यक्तिगत भए 'इन्डिभिजुअल' वा परिवारसहित जाने भए 'फेमिली' चयन गर्न सकिन्छ।

यसपछि व्यक्तिगत विवरण भरेपछि शुल्क र एपोइन्टमेन्ट मिति देखिन्छ। 'नर्मल' विकल्प चयन गर्दा ४८० रियाल शुल्क लाग्ने देखिन्छ। त्यसपछि उपलब्ध समयमध्ये बिहान ९:४५ बजेदेखि दिउँसो साढे ३ बजेसम्मको समय रोजेर 'कन्फर्म एन्ड बुक' मा क्लिक गर्दा इमेलमा एपोइन्टमेन्ट लेटर प्राप्त हुन्छ।

उक्त लेटर डाउनलोड गरी प्रिन्ट गरेर तोकिएको समयमा दोहाको घराफा क्षेत्रमा रहेको इजदान मलभित्रको तासिर भिसा सेन्टरमा वैध कतारी परिचयपत्रसहित उपस्थित हुनुपर्ने हुन्छ। बाँकी प्रक्रिया भने त्यहीँबाट पूरा गरिने जनाइएको छ।

## श्रम...

भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको निर्देशनमा वैदेशिक रोजगार विभागले गत फागुन १७ गतेदेखि संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति रोकेको छ।

राज्यले नागरिकको सुरक्षाका लागि सावधानी अपनाउनु सकारात्मक भए पनि पुनः श्रम स्वीकृति रोक्दा पहिलेदेखि नै कार्यरत श्रमिकहरूको हकमा व्यवहारिक समस्या उत्पन्न भएको भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका हुन्।

साउदी अरबमा सक्रिय हेल्प मधेशी साउदी अरब र नेपाली साझा मञ्च साउदी अरबले संयुक्त रूपमा सरकारको ध्यानाकर्षण गराउँदै बिदामा नेपाल गएका वा फर्किने तयारीमा रहेका पुराना श्रमिकहरूलाई यो निर्णयले मार परेको उल्लेख गरेका छन्।

श्रम स्वीकृति नवीकरण नहुँदा बिदामा रहेका श्रमिकहरू विमानस्थलमै रोकिने, उनीहरूको वैध रोजगारी गुम्ने र कार्यस्थलमा फर्कन नसक्ने जोखिम बढेको उनीहरूको भनाइ छ। श्रम स्वीकृति नवीकरण नभएको अवस्थामा कार्यक्षेत्रमा दुर्घटना, अंगभंग वा मृत्यु भएमा श्रमिकहरू बिमा र सामाजिक सुरक्षाका सुविधाहरूबाट वञ्चित हुने जटिलता रहेको समेत उनीहरूले औंल्याएका छन्।

यसैबीच, नेपाली जनप्रगतिशील मञ्च साउदी अरबले पनि साउदीस्थित नेपाली दूतावासमार्फत नयाँ श्रमिक पठाउन रोक्ने निर्णयको सम्मान गर्दै पुराना श्रमिकको हकमा भने सहजीकरण गर्न माग गरेको छ।

नेपाल सरकारलाई पठाएको ध्यानाकर्षण पत्रमा मञ्चले छुट्टीमा गएका र पुनः कार्यस्थल फर्कने श्रमिकहरूको श्रम स्वीकृति नरोक्न, वर्तमान संकटपूर्ण घडीमा आकस्मिक यात्रा गर्नुपर्ने वा अलपत्र परेका नेपालीहरूको उद्धार तथा आवतजावतका लागि राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको उडान निरन्तर सञ्चालन गरिनुपर्ने, विदेशमा रहेका नेपालीहरूको रोजगारी र सामाजिक सुरक्षामा नकारात्मक असर नपर्ने गरी व्यावहारिक निर्णय लिनुपर्ने माग गरेको छ।

मञ्चले कार्यवाहक राजदूत सिर्जना अधिकारीसमक्ष बुझाएको पत्रमा साउदी अरबमा रहेका नेपाली सामाजिक संस्थाहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड र परराष्ट्र मन्त्रालयलाई सो विषयमा संवेदनशील बन्न आग्रह गरेका छन्।

बिदामा रहेका श्रमिकहरूलाई पुनः श्रम स्वीकृति दिने प्रक्रिया तत्काल सुचारु नगरे यसले हजारौं श्रमिक र उनीहरूमा आश्रित परिवारको जीवनयापनमा संकट आउने चेतावनी समेत दिइएको छ।

# जाँदाजाँदै प्रधानमन्त्रीका दुई निर्णय विवादमा

**काठमाडौं/मस–** सरकारबाट बाहिरिने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले दुई नियुक्ति गरेकी छिन्।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकबाट प्रधानमन्त्री कार्कीले आफ्ना प्रमुख स्वकीय सचिव आर्दशकुमार श्रेष्ठलाई राष्टिय प्रकृति संरक्षण कोषको अध्यक्ष नियुक्त गर्ने निर्णय गरेकी छिन् भने गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रियसभा सदस्यका लागि सिफारिस गरेकी छिन्।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले गुल्मीका अर्याललाई राष्ट्रियसभाको रिक्त सदस्य पदमा मनोनीत गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो। राष्ट्रियसभामा हाल रिक्त एक विज्ञ सदस्यमा उनको नाम सिफारिस भएको हो।

स्थायी सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रिय सभामा तीनजनालाई मन्त्रिपरिषद्‌को सिफारिसअनुसार राष्ट्रपतिबाट मनोनीत गर्ने संवैधानिक प्रावधान छ। संघीय संसद्मा माथिल्लो सदनका रुपमा रहेको राष्ट्रियसभा सदस्यको कार्यकाल ६ वर्षको रहने संवैधानिक व्यवस्था छ। राष्ट्रियसभाको एक तिहाइ सदस्यको गत माघ ११ गते निर्वाचन भएको थियो।

यस्तै राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा श्रेष्ठ मनोनीत भएका छन्। प्रधानमन्त्री एवं कोषका संरक्षक कार्कीले श्रेष्ठलाई आगामी पाँच वर्षका लागि उक्त पदमा मनोनयन गरेकी प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले बताएका छन्।




यसअघिका अध्यक्ष ऐनबहादुर शाहीले पदबाट राजीनामा दिएपछि रिक्त रहेको पदमा सिन्धुलीका श्रेष्ठलाई मनोनित गरिएको हो।

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा कोषको संरक्षक प्रधानमन्त्री रहने र संरक्षकले अध्यक्ष मनोनयन गर्ने व्यवस्था रहेको छ। सिन्धुलीका श्रेष्ठले समाजशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक गरेका छन्। उनी कानुन व्यवसायी समेत हुन्। यि दुई निर्णयलाई लिएर सामाजिक सञ्जालमा सरकारको आलोचना समेत भएको छ।

### अनुदान सहायता स्वीकार

सरकारले दुई करोड, ४२ लाख ६७ हजार ४२७ अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले नेपालका हिम नदी बेसिन क्षेत्रमा हिमताल विस्फोटनजन्य बाढी तथा बाढीबाट उत्पन्न जोखिम न्यूनीकरणमार्फत जीविकोपार्जन तथा सम्पत्तिको संरक्षण परियोजनाका लागि हरित जलवायु कोषबाट संयुक्त राष्ट्र संघीय विकास कार्यक्रममार्फत प्राप्त हुने सो रकम स्वीकार गर्ने निर्णय गरेको हो।

त्यसैगरी, सरकारले युद्ध प्रभावित पश्चिमी एसियाली मुलुकहरुमा रहेका एंव ट्रान्जिटमा अलपत्र परेका नेपाली नागरिकको तत्काल राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन हाललाई नेपाली राजदूतावास रियाद, अबुधाबी, दोहा, कुवेत सिटी, म्यानमा, मस्कट, इस्लामाबाद, कायरो र तेल अबिब तथा नेपाली महावाणिज्य दूतावास जेद्दा र दुबईले आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको छ।

२०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेस गरेको प्रतिवेदन अध्ययन गर्नेगरी मन्त्रिपरिषद् बैठकले ग्रहण गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए।

# गौरमा लामखुट्टे नियन्त्रण अभियान तीव्र

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १ चैत

तराईमा गर्मीको मौसम सुरु भएसँगै रौतहटको गौर नगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरेको छ। गर्मी बढेसँगै लामखुट्टेको प्रकोप बढ्न सक्ने र यसले सर्वसाधारणको स्वास्थ्यमा जोखिम निम्त्याउन सक्ने भन्दै नगरपालिकाले फागुन २८ गतेदेखि नगरका विभिन्न वडा तथा टोलमा किटनाशक औषधि छर्कने कार्यलाई तीव्र बनाएको हो।

नगर प्रमुख शम्भु साहका अनुसार नगरबासीलाई डेंगु र मलेरिया जस्ता लामखुट्टेजन्य रोगबाट जोगाउन नगरपालिकाले पूर्वसतर्कता अपनाएको हो। 'गर्मी मौसमको सुरुवातसँगै लामखुट्टेको संख्या बढ्न थालेको छ। यसले नगरबासीको स्वास्थ्यमा जोखिम निम्त्याउन सक्ने भएकाले अभियानकै रूपमा किटनाशक औषधि छर्कन सुरु गरेका छौं,' उनले भने।




लामखुट्टे नियन्त्रणका लागि नगरपालिकाले विशेष टोली नै परिचालन गरेको छ। नगर प्रमुख साहका अनुसार रातिको समयमा 'फगिङ' (धुवाँ फाल्ने मेसिन) तथा किटनाशक स्प्रे सञ्चालन गर्न ९ जना जनशक्ति खटिएका छन्। उक्त टोलीले नगरका मुख्य चोक, गल्ली तथा बाक्लो बस्ती भएका क्षेत्रमा साँझ र रातिको समयमा औषधि छर्कने काम गरिरहेको छ।

औषधि छर्कने कार्यसँगै नगरपालिकाले नगरबासीलाई सरसफाइमा विशेष ध्यान दिन पनि आग्रह गरेको छ। लामखुट्टेको वृद्धि नियन्त्रणका लागि स्थानीयको सक्रियता पनि आवश्यक रहेको नगर प्रमुख साहको भनाइ छ।

नगरपालिकाले घर तथा पसल वरिपरि पानी जम्न नदिन, नाला तथा खाल्डाखुल्डी नियमित सफा गर्न, सुत्दा झुल प्रयोग गर्न र लामखुट्टेबाट बच्न पूरा बाहुला भएका लुगा लगाउन आग्रह गरेको छ।

गौर नगरपालिकाले समयमै लामखुट्टे नियन्त्रण अभियान सुरु गरेपछि स्थानीयवासीले सकारात्मक प्रतिक्रिया दिएका छन्। गर्मी र वर्षायाममा लामखुट्टेका कारण वर्षेनी जनजीवन प्रभावित हुने गरेकोमा यसपटक मौसम सुरु हुनासाथ अभियान थालिनु राम्रो कदम भएको उनीहरूको भनाइ छ।

नगरपालिकाले आगामी दिनमा फोहर व्यवस्थापन तथा स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रमलाई पनि निरन्तरता दिने जनाएको छ।

# 'अब जनप्रतिनिधि भएको अनुभूति लमजुङवासीले पाउनेछन्'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ चैत

लमजुङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद धर्मराज केसीले लमजुङको विकासका लागि सबै नागरिक एकजुट भएर अघि बढ्नुपर्ने बताएका छन्।

उनले अब लमजुङले विकासको नयाँ फड्को मार्ने समय आएको भन्दै अब जनप्रतिनिधि भएको अनुभूति लमजुङवासीले पाउने बताए।

रास्वपा लमजुङ काठमाडौं सम्पर्क विभागद्वारा शनिबार काठमाडौंमा आयोजित 'धन्यवाद जनतालाई, सुझाव सांसदलाई' अन्तरक्रिया कार्यक्रममा केसीले भने, 'अब हामीले लमजुङमा विकासको फड्को मार्नु पर्छ। लमजुङे हामी लमजुङेहरूले हाम्रो जनप्रतिनिधि छ भन्ने अनुभूति गर्न पाउनुपर्छ। आवश्यक पर्दा सरकारले हामीलाई हेर्छ भन्ने




विश्वास दिलाउने जिम्मेवारी हाम्रो हो।'

उनले एकजनाको प्रयासले मात्रै जिल्ला वा देश बन्न नसक्ने भन्दै सबैको सहकार्य अनिवार्य रहेको बताए। लमजुङको समग्र विकासका लागि दाजुभाइ, दिदीबहिनी, आमाबुवा सबैले आ-आफ्नो ठाउँबाट योगदान गर्नुपर्ने आवश्यकता रहेको पनि उनले बताए।

केसीले जनताले दिएको विश्वासलाई जिम्मेवारीका रूपमा लिएको उल्लेख गर्दै विकास, पूर्वाधार र सेवा प्रवाहका क्षेत्रमा ठोस काम गर्ने प्रतिबद्धता जनाए। उनले लमजुङलाई राज्यले ध्यान दिनुपर्ने क्षेत्रका रूपमा स्थापित गराउने प्रयास गर्ने बताए।

रास्वपा प्रवास विभाग सचिव पदमराज पन्थीले हालैको निर्वाचन परिणामले लमजुङका नागरिक सचेत, जिम्मेवार र आफ्नो भविष्य आफैं तय गर्न सक्ने भएको सन्देश दिएको बताए। उनले चुनावी विजयलाई केवल उत्सवका रूपमा मात्र नहेरी यसको वास्तविक अर्थ बुझ्नु आवश्यक रहेको बताए।

लमजुङ काठमाडौँ सम्पर्क विभाग संयोजक भोला शर्माले भोट हाल्ने वा नहाल्ने सबै नागरिकको समान अधिकार र सम्मान हुनुपर्ने बताए। उनले जनप्रतिनिधिले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने धारणा व्यक्त गरे। उनले भने, 'दुःखमा पनि साथ र सुखमा पनि साथ दिनु आवश्यक छ। सिङ्दी होस् वा गरमबेसी, पसगाउँ होस् वा दुधपोखरीको पातले गाउँ, मध्य नेपालको कल्याणबेसी होस् वा बेसीशहरको पुरानकोट सबै नागरिकको समस्यामा समान नजर राखिनुपर्छ।'

शर्माले लमजुङका आवाज सदनमा निरन्तर गुञ्जिनुपर्ने र जिल्लाका समस्या समाधानका लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्नेमा जोड दिए। उनले जिल्लाभरिका विकास, पूर्वाधार र सेवा प्रवाहका काममा सबै क्षेत्रलाई समान प्राथमिकता दिनुपर्ने बताए।

कार्यक्रममा रास्वपा लमजुङका सभापति अशोक सापकोटाले निर्वाचन परिणामले लमजुङका नागरिकहरू सचेत र जिम्मेवार रहेको सन्देश दिएको बताए। उनले यो विजयलाई केवल चुनावी सफलता मात्र नभइ नागरिक चेतनाको प्रतिकका रूपमा लिनुपर्ने बताए।

उनले लमजुङका मतदाताले मतदानमार्फत आफ्नो भविष्यप्रति गम्भीर रहेको प्रमाण दिएको बताए। उनले मतदान केन्द्रमा देखिएका दृश्यहरू स्मरण गर्दै नागरिकको लोकतान्त्रिक चेतना झल्किएको बताए।

यसैबीच सो अवसरमा काठमाडौंमा रहेका लमजुङवासीसँग अन्तरक्रिया गर्दै सुझाव संकलन समेत गरिएको छ।

कार्यक्रममा काठमाडौंमा रहेका लमजुङेहरुले जिल्लाको कृषि, सडक, रोजगार लगायतका क्षेत्रमा काम गर्न सुझाव दिएका थिए। लमजुङको आवाज राष्ट्रिय स्तरमा बलियो रूपमा उठाउन र जिल्लाको समृद्धिका लागि दीर्घकालीन योजना बनाइ अघि बढ्न सुझाव दिएका थिए। कार्यक्रममा लमजुङबाट काठमाडौं बस्दै आएका लमजुङेहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

# धुलिखेल–खावा खण्डमा आवागमन रोकेर स्तरोन्नति गरिँदै




**काभ्रेपलाञ्चोक/मस–** अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डमा सवारीसाधनलाई रोक लगाइ पक्की बनाउन थालिएको छ। उक्त सडकखण्डको स्तरोन्नतिका लागि यही चैत पहिलो सातादेखि दुई हप्ता बन्द गरी कामलाई तीव्रता दिने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको हो।

लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको सडक विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि स्तरोन्नतिलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालयले जनाएको छ। उक्त खण्डमा पक्की बनाउन यही चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधन बन्द गरिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुनम योगेशले जानकारी दिए।

उक्त अवधिभर टिपरसहित मालवाहक सवारीसाधनलाई पूर्णतः रोक लगाइएको उनले बताए। उनका अनुसार चार किलोमिटर दूरीको उक्त सडकखण्डमध्ये चैत महिनामा दुई दशमलव पाँच किमी र आगामी वैशाखमा बाँकी पक्की गरिसक्ने लक्ष्य लिइएको छ।

उक्त सडकखण्डमा हाल 'सिसीटिभी' हाल्ने तयारी गरिएको सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताए। 'त्यसपछि लक्ष्यअनुसार पक्की बनाउँदै लगिनेछ', उनले भने। लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको स्तरोन्नतिका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरेपछि विभिन्न स्थानमा कटिङको काम सुरु भइसकेको उनले जानकारी दिए।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सिएन एवान काली जेभीसँग भ्याटबाहेक ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो।

हाल साना संरचना तथा टेवा पर्खाल निर्माण भइरहेको जनाइएको छ। चिसो मौसमका कारण सडकमा सतह (सर्फेस)को काम नभएको भन्दै चिसो कम हुँदै गएपछि पक्की बनाइने योगेशले बताए। उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी काम गरिने उनको भनाइ छ।

सात मिटर चौडाइको बन्ने उक्त सडकका विभिन्न खण्डमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने सिनियर डिभिजनल इञ्जिनियर योगेशले जानकारी दिए। यसैबीच निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको स्थानीय बताउँछन्। कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो।

उक्त सडक नयाँ निर्माण कम्पनीले समयमा सक्नेमा आशावादी भएको योगेशले बताए। जिल्ला सदरमुकाम धुलिखेल-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो। सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले विसं २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमा नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य हुँदै आएका छन्।

उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ।

# अमेरिकी सेनाका लेफ्टिनेन्ट जनरल भोवेल नेपालमा

**काठमाडौं/मस–** अमेरिकी सेनाका लेफ्टिनेन्ट जनरल जोएल भोवेल नेपाल आएका छन्।

पूर्वनिर्धारित कार्यक्रम अनुसार नै अमेरिकी सेनाको प्यासिफिक कमाण्ड (युएसएआरपिएसी)का डेपुटी कमान्डिङ जनरल, लेफ्टिनेन्ट जनरल जोएल भोवेल आइतबार काठमाडौं आइपुगेका हुन्।

उनी चैत ३ गतेसम्म नेपालमा



रहने नेपाली सेनाले जनाएको छ।

उनले औपचारिक भेटघाटका साथै पाँचखालस्थित नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको भ्रमण समेत गर्नेछन्।

यस प्रकारको भ्रमणबाट दुई देशबिचको सम्बन्ध थप प्रगाढ हुनुको साथै मानवीय सहयोग, विपद् व्यवस्थापन तथा अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्य जस्ता क्षेत्रमा टेवा पुग्ने विश्वास नेपाली सेनाले जनाएको छ।

# रुकुमपूर्वका डिएसपी यादवमाथि छानबिन

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १ चैत

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायब उपरीक्षक (डिएसपी) उमाशंकर प्रसाद यादवमाथि छानबिन सुरु गरिएको छ। छानबिनका लागि उनलाई कार्यालयको जिम्मेवारीबाट हटाई लुम्बिनी प्रदेश प्रहरी कार्यालयमा हाजिर गराइएको छ।

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा भर्ना गरिएका तीन जना निर्वाचन प्रहरीबारे विवाद उत्पन्न भएपछि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले यादवमाथि अनुसन्धान थालेको हो। यादवलाई जिम्मेवारीबाट हटाइएपछि रुकुम पूर्वमा डिएसपी केशव ज्ञवालीलाई खटाइएको छ।

आरोपअनुसार यादवले बाराबाट तीन जनालाई रुकुम पूर्व



बोलाएर निर्वाचन प्रहरीमा भर्ना गरेका थिए। तर उनीहरूलाई तालिम नदिएको र ड्युटीमा पनि नखटाएको भन्दै अन्य निर्वाचन प्रहरीले विरोध जनाएपछि घटना सार्वजनिक भएको हो। यादवमाथि आफ्ना नातागोता पर्ने व्यक्तिलाई भर्ना गरेर तालिम तथा ड्युटीमा परिचालन नगरी सेवा-सुविधा दिएको आरोप लागेको छ। यस विषयमा प्रदेश प्रहरीले थप छानबिन अघि बढाएको जनाएको छ।

# सल्यानमा कुकुरलाई रेबिजविरुद्ध खोप अभियान

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १ चैत

सल्यानको शारदा नगरपालिकाले कुकुरमा देखिने घातक रेबिज रोग नियन्त्रणका लागि खोप अभियान सुरु गरेको छ। नगरपालिकाको पशु सेवा शाखाले पालिकाभित्र रहेका छाडा तथा घरपालुवा कुकुरलाई लक्षित गर्दै अभियान सञ्चालन गरेको हो।

नगरपालिकाका अनुसार गाउँ-वस्तीका साथै खलंगा र श्रीनगर बजारलगायत व्यावसायिक क्षेत्रमा पनि खोप कार्यक्रम जारी रहेको छ। पशु सेवा शाखा प्रमुख तथा पशुचिकित्सक दीपा पौडेलका अनुसार हालसम्म नगरपालिकाका विभिन्न स्थानमा गरी २ सय ४६ वटा कुकुरलाई रेबिजविरुद्धको खोप लगाइसकिएको छ।

रेबिज कुकुरबाट मानिसमा



सर्न सक्ने अत्यन्तै घातक संक्रमण भएकाले समयमै नियन्त्रण नगरे मानव र पशु दुवैको जीवनमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने उनले बताइन्। खोप अभियानमार्फत रोग नियन्त्रणसँगै समुदायमा स्वास्थ्य सचेतना बढाउने लक्ष्य राखिएको उनको भनाइ छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले अभियानलाई क्रमशःसबै वडामा विस्तार गरिने जानकारी दिए। पालिकाभित्रका हरेक कुकुरसम्म खोपको पहुँच पुऱ्याउने गरी व्यवस्थापन भइरहेको उनले बताए।

यसैबीच मानव अधिकारकर्मी रामचन्द्र रेग्मीले स्थानीय सरकारद्वारा सञ्चालन गरिएको रेबिजविरुद्धको खोप अभियानलाई सकारात्मक र उदाहरणीय पहल भएको बताएका छन्। उनका अनुसार मानव स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर गरिएको यस्तो अभियान प्रशंसनीय छ। नगरपालिकाले रेबिजविरुद्धको अभियानले पशु स्वास्थ्य सुधारसँगै मानव स्वास्थ्य सुरक्षामा पनि महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

इकरारी सम्बन्धी ३५ दिने सूचना

NICE NXT
LEARNING
WE ARE HIRING
Join Our Team
NiceNxt Learing Pvt. Ltd. is seeking dedicated candidates for the following positions:
Positions:
• Compliance Officer - Full-Time (1 Male/Female)
• Japanese Language Instructor – Part-Time (1 Male/Female)
★ Japan-Return Candidates Highly Recommended.
• Qualification: Bachelor's Degree required.
• Experience: Experienced candidates will be highly recommended. Freshers are also welcome.
• Requirement: Responsible, motivated, and eager to learn.
Salary Negotiable (Based on Performance)
Vacancy
Submit your CV within 7 days @info@nicenextlearning.com
Call Us:
1-5403144/9712027050
Jawalakhel-13, Lalitpur, Nepal.

मध्यान्ह
www.madhyanhadaily.com
२ चैत २०८२ सोमबार
16 March 2026 Monday

## सम्पादकीय

# खर्चिलो निर्वाचन

निर्वाचन लोकतन्त्रको महत्वपूर्ण प्रक्रिया हो । आवधिक निर्वाचनमार्फत आमनागरिकले आफ्ना प्रतिनिधिलाई शासनसत्ता सुम्पिन्छन् । तर पछिल्ला चुनावी खर्च विवरणले त्यही सुन्दर प्रक्रियामाथि नै प्रश्न गर्ने ठाउँ दिएका छन् । उम्मेदवारहरूले सार्वजनिक गरेका खर्च विवरण हेर्दा औसतमा २५ लाखको हाराहारीमा खर्च गरेको भनेका छन् । त्यो खर्च नै धेरै हो । जबकि कानुनी सीमाभित्र रहन मात्र उम्मेदवारले त्यति खर्च देखाएको प्रस्टै अनुमान गर्न सकिन्छ । निर्वाचन आयोगले भौगोलिक अवस्था र मतदाताको संख्याका आधारमा प्रतिउम्मेदवार २५ लाखदेखि ३३ लाख रूपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकेको छ । सोही सीमाभित्र बसेर धेरै उम्मेदवारले खर्च विवरण बुझाएका छन् । अहिलेसम्म सार्वजनिक गरिएका विवरणमा ९ लाखदेखि २८ लाखसम्म खर्च देखाइएको छ । कागजमा हेर्दा चुनावी खर्च आयोगको सीमाभित्रै देखिन्छ । व्यवहारमा भने चुनाव सामान्य आर्थिक अवस्थाका उम्मेदवारले धान्नै नसक्ने खालको हुन पुगेको छ । मुख्य प्रतिस्पर्धी उम्मेदवारको चुनाव खर्च एक करोडदेखि माथि हुने गरेको दलहरूका अनौपचारिक विवरणमा उल्लेख छन् । यसैपटक पनि दुई करोडदेखि १० करोड रूपैयाँसम्म खर्च भएको चर्चा राजनीतिक वृत्तमा छ । तर, आधिकारिक विवरणमा भने उनीहरूले आयोगले तोकेको सीमाभित्रै खर्च देखाएका छन् ।

यसपटकको चुनावमा मुख्य प्रतिस्पर्धामा देखिएका चार ठूला दलका उम्मेदवारको सार्वजनिक हिसाब हेर्दा पनि हरेक निर्वाचन क्षेत्रमा करिब एक करोड रूपैयाँ खर्च भएको देखिन्छ । यो हिसाबलाई मात्रै मान्ने हो भने पनि चुनावी खर्च कम्तीमा १ अर्ब ६५ करोड पुग्छ । तर वास्तविक खर्च भने यसभन्दा धेरै रहेको प्रस्टै अनुमान गर्न सकिन्छ । राजनीतिक नेताहरू स्वयंले वास्तविक खर्च लुकाइने गरेको स्वीकार गर्नु गम्भीर छ । खर्च बढी भएको देख्दा पनि सम्बन्धित निकायले कडा अनुगमन नगर्नु अर्को समस्या बनेको छ । जसका कारण हरेक चुनाव खर्चिला र सामान्य आर्थिक अवस्थाका उम्मेदवारले प्रतिस्पर्धा गर्न नसक्ने भइरहेका छन् । निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरूले समेत उम्मेदवारहरूले खर्चमा पारदर्शिता कायम गर्न नसकेको बताएका छन् ।

लोकतन्त्र भनेको पारदर्शिता पनि हो । तर चुनावकै सुरूआतमा मतदातालाई वास्तविकता लुकाइयो भने यसले सुशासनप्रति अविश्वास बढाउन सक्छ । चुनावी खर्च उठाउन भ्रष्टाचार माध्यम बन्न सक्छ । त्यसैले निर्वाचन खर्चलाई यथार्थ रूपमा सार्वजनिक गर्ने संस्कृति विकास गर्न आवश्यक छ । निर्वाचन आयोगले पनि अनुगमनको औपचारिकताभन्दा वास्तविक नियमन गर्न जरूरी छ । अन्यथा खर्चिलो र अपारदर्शी निर्वाचनले लोकतन्त्रलाई कमजोर बनाउने खतरा बढ्दै जानेछ ।

# खाडी तनाव र श्रमिकको भविष्य

*राष्ट्र बैंकको तथ्यांकअनुसार नेपाल भित्रिने कुल रेमिटेन्सको करिब ४१ प्रतिशत हिस्सा खाडीका मुलुकबाट मात्र आउँछ । यदि युद्धका कारण रोजगारी घट्यो वा श्रमिकहरू घर फर्कन थाले भने रेमिटेन्स प्रवाहमा गिरावट आई प्रत्यक्ष असर विदेशी मुद्रा सञ्चिति, आयात क्षमता र समग्र आर्थिक स्थिरतामा पर्न सक्छ ।*

अग्रलेख



● मोहनकुमार दाहाल


मध्यपूर्व अर्थात् खाडी क्षेत्रमा बढ्दै गएको सैन्य तनावले विश्व राजनीतिलाई मात्र होइन, नेपालजस्तो श्रम आप्रवासनमा निर्भर देशलाई पनि गम्भीर चिन्तामा पारेको छ । इरानले खाडी क्षेत्र (साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, ओमान, बहराइन र कुवेत लगायत)मा रहेका अमेरिकी सैन्य आधारहरूलाई लक्षित गर्दै गरेको क्षेप्यास्त्र तथा ड्रोन आक्रमणपछि ती देशहरूमा सुरक्षा अवस्था संवेदनशील बनेको छ । यसको प्रत्यक्ष प्रभाव त्यहाँ काम गर्ने लाखौं विदेशी श्रमिकमा परेको छ, जसमा ठुलो हिस्सा नेपालीको छ ।

नेपालका लागि खाडी क्षेत्र वैदेशिक रोजगारीको सबैभन्दा ठुलो गन्तव्य हो । अनुमानित १७ देखि १९ लाख नेपाली अहिले विभिन्न खाडी मुलुकमा कार्यरत छन् । निर्माण, सेवा, सुरक्षा, होटल तथा यातायात क्षेत्रमा उनीहरूको ठुलो उपस्थिति छ । तर, युद्धको जोखिम बढेसँगै ती क्षेत्रमा काम गर्ने श्रमिकहरू असुरक्षा र अनिश्चितताको घेरामा परेका छन् ।

नेपालका लागि खाडी क्षेत्र केवल भूगोल मात्र होइन, यो लाखौं नेपालीको जीविकोपार्जनको केन्द्र हो । हाल साउदी अरबमा मात्रै करिब ५ लाख, कतारमा ४ लाख, युएईमा ४ लाख, ओमानमा २० हजारदेखि २५ हजारसम्म, बहराइनमा २५ हजारदेखि ३० हजारसम्म र कुवेतमा १ लाखभन्दा बढी नेपाली कार्यरत रहेको अनुमान छ ।

इरान र अमेरिकाबीचको यो 'प्रोक्सी वार'का कारण नेपाली श्रमिकहरू कार्यरत रहेका औद्योगिक क्षेत्र र पूर्वाधार आयोजनाहरू युद्धको निशानामा पर्ने खतरा बढेको छ । विशेषगरी कुवेतको अहमदी आयल रिफाइनरी, युएईको जाबेल अली पोर्ट र साउदीको आरामको तेलखानीवरपर काम गर्ने नेपालीहरू उच्च जोखिममा छन् । युएईमा भएको पछिल्लो आक्रमणमा एक नेपालीको ज्यान जानु र १५ जना घाइते हुनु यस जोखिम अब 'सम्भावना' मात्र नभई 'यथार्थ' बनिसकेको संकेत हो ।

इतिहासले देखाएको छ कि जब खाडी क्षेत्रमा द्वन्द्व वा आर्थिक संकट उत्पन्न हुन्छ, त्यसको पहिलो असर विदेशी श्रमिकहरूमा पर्छ । कम्पनीहरूले खर्च कटौती गर्ने पहिलो उपाय नै आप्रवासी कामदार घटाउनु हो । अहिले पनि धेरै निर्माण परियोजनाहरू सुस्त भएका छन्, केही स्थानमा उद्योगधन्दा आंशिक रूपमा बन्द भएका छन् र कतिपय कम्पनीले कामदारलाई अस्थायी बिदामा बस्न निर्देशन दिएका खबरहरू आइरहेका छन् । यदि यो स्थिति लामो समयसम्म कायम रह्यो भने हजारौं नेपाली श्रमिकले रोजगारी गुमाउने सम्भावना बलियो हुन्छ । रोजगारी गुमेपछि उनीहरू स्वदेश फर्कन बाध्य हुनेछन् । यस्तो अवस्थामा नेपालको श्रम बजारले ठुलो दबाब झेल्नुपर्नेछ, किनकि देशभित्र पर्याप्त रोजगारीका अवसर उपलब्ध छैनन् ।



खाडी क्षेत्रमा काम गर्ने नेपाली श्रमिकहरू केवल आफ्नो परिवारका लागि मात्र होइन, नेपालको अर्थतन्त्रका लागि पनि अत्यन्त महत्वपूर्ण छन् । नेपाल भित्रिने रेमिटेन्स देशको अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । कुल गार्हस्थ्य उत्पादनको करिब एकचौथाइ हिस्सा रेमिटेन्सबाट आउने अनुमान छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा रेमिटेन्सको योगदान करिब २६ प्रतिशतभन्दा बढी छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार नेपाल भित्रिने कुल रेमिटेन्सको करिब ४१ प्रतिशत हिस्सा खाडी मुलुकबाट मात्र आउँछ । यदि युद्धका कारण रोजगारी घट्यो वा श्रमिक घर फर्कन थाले भने रेमिटेन्स प्रवाहमा गिरावट आउन सक्छ । यसको प्रत्यक्ष असर विदेशी मुद्रा सञ्चिति, आयात क्षमता र समग्र आर्थिक स्थिरतामा पर्न सक्छ । यसका अतिरिक्त मध्यपूर्वमा तनाव बढ्दा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य पनि थप बढ्ने सम्भावना हुन्छ । नेपालले पेट्रोलियम पदार्थ आयातमा ठुलो रकम खर्च गर्ने भएकाले तेलको मूल्य वृद्धि हुँदा देशभित्र महँगी बढ्ने निश्चित छ । यसले यातायात, उद्योग तथा दैनिक उपभोग्य वस्तुको मूल्यमा वृद्धि ल्याउन सक्छ ।

नेपालको ग्रामीण अर्थतन्त्र रेमिटेन्समा अत्यधिक निर्भर छ । गाउँघरमा घर निर्माण, शिक्षा, स्वास्थ्य खर्चदेखि स्थानीय व्यापारसम्म धेरै आर्थिक गतिविधि वैदेशिक आम्दानीमा आधारित छन् । यदि रेमिटेन्स घटेमा स्थानीय अर्थतन्त्रमा पनि सुस्तता आउन सक्छ । अर्को महत्वपूर्ण पक्ष भनेको वैदेशिक रोजगारी प्रणालीमा म्यानपावर कम्पनीहरूको भूमिका हो । नेपालमा हजारौं युवाहरू म्यानपावर एजेन्सीमार्फत विदेश जाने प्रक्रियामा हुन्छन् । यदि खाडी क्षेत्रमा रोजगारीको माग घट्यो भने म्यानपावर उद्योगमा पनि ठुलो असर पर्नेछ । नयाँ मागपत्र कम हुने, श्रमिक पठाउने प्रक्रिया सुस्त हुने र हजारौं युवाको विदेश जाने योजना अनिश्चित बन्न सक्छ ।

यी एजेन्सीहरूमा प्रत्यक्ष रूपमा कर्मचारीका रूपमा काम गर्ने (काउन्टर स्टाफ, डकुमेन्टेसन अफिसर, मार्केटिङ म्यानेजर, अकाउन्टेन्ट र म्यासेन्जर) नेपालीको संख्या मात्रै पनि २० हजारभन्दा बढी रहेको अनुमान छ । उनीहरूको जागिर पनि अहिले धरापमा पर्न सक्छ ।

**म्यानपावर उद्योगमा सम्भावित प्रभावहरू**

जब खाडी मुलुकबाट नयाँ 'डिमान्ड' आउन बन्द हुन्छ, म्यानपावर कम्पनीहरूको मुख्य आम्दानीको स्रोत सुक्छ । कार्यालयको भाडा, बिजुली र टेलिफोन खर्च धान्नसमेत मुस्किल हुने अवस्थामा व्यवसायीहरूले सबैभन्दा पहिले कर्मचारी कटौती गर्न सक्छन् । यसले गर्दा २० हजारभन्दा बढी परिवारको भान्सा प्रत्यक्ष प्रभावित हुनेछ ।

विशेषगरी डकुमेन्टेसन अफिसरहरू, जसले पासपोर्ट र भिसा प्रक्रियामा दिनरात काम गर्छन्, उनीहरूको काम ठप्प हुनेछ । त्यस्तै, बजारमा डिमान्ड खोज्न हिँड्ने मार्केटिङ टोलीको पनि सान्दर्भिकता घट्नेछ । यसले गर्दा यो क्षेत्रमा लामो समयदेखि अनुभव बटुलेका दक्ष जनशक्ति पलायन हुने जोखिम बढ्छ ।

म्यानपावर कम्पनीमा काम गर्ने कर्मचारी मात्र होइन, उनीहरूसँग जोडिएका अन्य क्षेत्रमा पनि यसको प्रत्यक्ष असर पर्नेछ । मेडिकल सेन्टरहरू जहाँ दैनिक हजारौंको स्वास्थ्य परीक्षण गर्ने कर्मचारी छन्, अभिमुखीकरण केन्द्र जहाँ तालिम दिने प्रशिक्षकहरू छन् र ट्राभल एजेन्सीहरू जहाँ हवाई टिकट बुकिङ गर्ने कर्मचारीहरू छन् । यस परिस्थितिमा नेपाल सरकारको भूमिका झन् महत्वपूर्ण हुन्छ । विदेशमा रहेका नेपाली श्रमिकको सुरक्षा सुनिश्चित गर्नु, आवश्यक परे उद्धार योजना तयार गर्नु र स्वदेश फर्कने श्रमिकको पुनःस्थापनाका लागि कार्यक्रम ल्याउन आवश्यक छ ।

दीर्घकालीन रूपमा भने नेपालले वैदेशिक रोजगारीमा अत्यधिक निर्भर अर्थतन्त्रलाई विविधीकरण गर्ने नीति लिनु आवश्यक देखिन्छ । खाडी क्षेत्रमा देखिएको यो संकटले नेपाललाई एउटा गम्भीर सन्देश दिएको छ- देशको अर्थतन्त्रलाई केवल रेमिटेन्समा मात्र आधारित राखेर दीर्घकालीन आर्थिक स्थिरता सम्भव हुँदैन । स्वदेशमै रोजगारी सिर्जना, औद्योगिक विकास र उत्पादनमुखी अर्थतन्त्रतर्फ ध्यान नदिएसम्म यस्ता बाह्य संकटहरूले नेपाललाई पटक-पटक प्रभावित गरिरहनेछन् ।

अन्ततः खाडीको युद्ध नेपालका लागि टाढाको भू-राजनीतिक घटना मात्र होइन । यो नेपाली श्रमिकको भविष्य, लाखौं परिवारको आय स्रोत र राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय हो । त्यसैले सरकार, नीति निर्माता र समाजले यसलाई गम्भीर रूपमा लिएर दीर्घकालीन समाधान खोज्नु अपरिहार्य देखिन्छ ।

**(दाहाल एक्टिभ ओभरसिज प्रालि/याना म्यानेजमेन्ट एन्ड सर्भिसेज प्रालिका पूर्वकार्यकारी प्रमुख हुन् ।)**

## इतिहासमा आज

१६ मार्च २०१४ मा युक्रेनबाट अलग भएर रूसमा सामेल हुन क्रिमियाले विवादास्पद जनमत संग्रहमा मतदान गराएको थियो ।



१६ मार्च २०१६ मा पाकिस्तानको पेसावरमा सरकारी कर्मचारी बोकेको बसमा बम आक्रमण हुँदा १५ जनाको मृत्यु भएको थियो भने कम्तीमा ३० जना घाइते भएका थिए ।



१६ मार्च २०१६ मा नाइजेरियाको मैदुगुरीको बाहिरी इलाकामा रहेको मस्जिदमा बिहानको प्रार्थनाको क्रममा दुई आत्मघाती बम विस्फोट हुँदा २४ जनाको मृत्यु भएको थियो भने १८ जना घाइते भएका थिए ।



१६ मार्च २०२५ मा उत्तरी म्यासेडोनियाको कोचानीमा रहेको एक नाइटक्लबमा आगलागी हुँदा कम्तीमा ५९ जनाको मृत्यु भएको थियो भने १५५ जना घाइते भएका थिए ।



# महाधिवेशन र एनआरएनएको भावी दिशा

विचार



● तिलकप्रसाद गैरे

*१२औं महाधिवेशनले विधि, पारदर्शिता, सहकार्य र संस्थागत सुदृढीकरणलाई केन्द्रमा राखेर अघि बढ्न सक्यो भने एनआरएनए भविष्यमा अझ सशक्त, प्रभावशाली र विश्वसनीय संस्थाका रूपमा स्थापित हुनेमा कुनै शंका छैन ।*

विश्वभर छरिएर रहेका नेपालीहरूको साझा संस्था गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं महाधिवेशन नजिकिँदै गर्दा सम्पूर्ण प्रवासी नेपाली समुदायको ध्यान यसतर्फ केन्द्रित भएको छ । आगामी नेतृत्व चयनसँगै संस्थाको भावी दिशा, नीति तथा प्राथमिकता तय हुने भएकाले यो महाधिवेशनलाई अत्यन्त महत्वपूर्ण मोडका रूपमा हेरिएको छ ।

गैरआवासीय नेपाली संघको स्थापना विदेशमा रहेका नेपालीलाई एउटै साझा मञ्चमा एकीकृत गर्दै उनीहरूको हक, अधिकार, पहिचान र सम्मानको संरक्षण गर्ने उद्देश्यले भएको हो । स्थापनाकालदेखि नै एनआरएनएले विश्वभर रहेका नेपालीलाई जोड्ने एउटा सशक्त सेतुका रूपमा काम गर्दै आएको छ ।

विगतका वर्षहरूमा संस्थाले विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको समस्या र सरोकारलाई अन्तर्राष्ट्रिय स्तरमा उठाउनेदेखि नेपालमा लगानीको वातावरण निर्माण गर्न पहल गर्ने, पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने, शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा सहयोग गर्नेजस्ता गतिविधिमा एनआरएनए सक्रिय रूपमा अघि बढिरहेको छ ।

विशेषगरी नेपालमा प्राकृतिक विपद्का समयमा प्रवासी नेपालीको सहयोगलाई समन्वय गर्दै राहत तथा पुनर्निर्माण कार्यमा एनआरएनएले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले संस्थालाई केवल प्रवासी नेपालीको संगठन मात्र नभई नेपालको विकास यात्रामा सहयात्रीका रूपमा स्थापित गरेको छ ।

आज नेपालको अर्थतन्त्रमा गैरआवासीय नेपालीको योगदान झनै महत्वपूर्ण बन्दै गएको छ । विश्वका विभिन्न मुलुकमा कार्यरत नेपालीहरूले बर्सेनि पठाउने अर्बौं रुपैयाँबराबरको रेमिटेन्सले नेपालको अर्थतन्त्रलाई मजबुत बनाइरहेको छ । ग्रामीण अर्थतन्त्रदेखि राष्ट्रिय विकाससम्म रेमिटेन्सले ठुलो भूमिका खेलेको तथ्य कसैबाट लुकेको छैन ।

तर प्रवासी नेपालीको योगदान केवल आर्थिक पक्षमा मात्र सीमित छैन । विदेशमा बसेर प्राप्त गरेको ज्ञान, सीप, प्रविधि, व्यवस्थापन अनुभव तथा अन्तर्राष्ट्रिय सञ्जाललाई नेपालसँग जोड्न सकियो भने देशको आर्थिक, सामाजिक तथा प्राविधिक विकासमा ठुलो परिवर्तन ल्याउन सकिन्छ । यसका लागि एनआरएनएजस्तो संस्थाले अझ प्रभावकारी भूमिका खेल्न सक्ने सम्भावना अत्यन्त ठुलो छ । तर, संस्थाको विस्तार र गतिविधि बढ्दै जाँदा केही चुनौती पनि देखापरेका छन् । पछिल्ला केही वर्षहरूमा संगठनभित्र देखिएको मतभेद, गुटबन्दी, नेतृत्व विवाद तथा अनावश्यक आरोप-प्रत्यारोपले संस्थाको मूल उद्देश्यलाई नै प्रभावित पार्ने संकेत देखिएका छन् ।

कहिलेकाहीँ व्यक्तिगत स्वार्थ र महत्वाकांक्षाले संस्थागत हितलाई ओझेलमा पार्ने प्रवृत्ति देखिनु दुर्भाग्यपूर्ण हो । यस्तो प्रवृत्तिले संगठनभित्रको विश्वास र एकतालाई कमजोर बनाउने मात्र होइन, बाहिरी जगत्मा संस्थाको छविमा समेत नकारात्मक प्रभाव पार्न सक्छ । यही सन्दर्भमा आगामी १२औं महाधिवेशन अत्यन्त महत्वपूर्ण अवसरका रूपमा देखापरेको छ । यो महाधिवेशन केवल नेतृत्व परिवर्तन गर्ने औपचारिक प्रक्रिया मात्र होइन, संस्थालाई थप एकताबद्ध, सुदृढ र व्यवस्थित बनाउने ऐतिहासिक अवसर पनि हो ।

एनआरएनएजस्तो विश्वव्यापी संस्थामा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको विधि, विधान र संस्थागत अनुशासन हो । संगठनका हरेक गतिविधि स्पष्ट नियम, पारदर्शिता र लोकतान्त्रिक प्रक्रियाका आधारमा सञ्चालन हुन सके मात्र संस्थाको विश्वसनीयता कायम रहन्छ । त्यसैले आगामी महाधिवेशनको सम्पूर्ण प्रक्रिया विधिसम्मत, पारदर्शी र निष्पक्ष हुन अत्यन्त आवश्यक छ । नेतृत्व चयनको प्रतिस्पर्धा स्वस्थ, सभ्य र संस्थागत मर्यादाभित्र रहेर हुनुपर्छ ।

आजको आवश्यकता भनेको व्यक्तिकेन्द्रित नेतृत्व होइन, संस्थालाई बलियो बनाउने दूरदर्शी र समावेशी नेतृत्व हो । यस्तो नेतृत्व जसले सम्पूर्ण प्रवासी नेपाली समुदायलाई समेट्न सकोस्, संस्थालाई विवादभन्दा माथि उठाएर सहकार्य र एकताको मार्गमा अघि बढाउन सकोस् । साथै, एनआरएनएलाई नेपालको समृद्धिसँग अझ प्रभावकारी रूपमा जोड्ने स्पष्ट रणनीति र दीर्घकालीन दृष्टिकोण आवश्यक छ ।

प्रवासी नेपालीहरू केवल विदेशमा बस्ने नेपाली मात्र होइनन्, उनीहरू नेपालको विकास यात्राका महत्वपूर्ण साझेदार पनि हुन् । उनीहरूको अनुभव, सीप, पुँजी र सञ्जाललाई नेपालसँग जोड्न सके देशको आर्थिक विकासमा नयाँ सम्भावना खुल्न सक्छन् । एनआरएनएले यस दिशामा अझ योजनाबद्ध ढंगले काम गर्न आवश्यक छ । लगानी, उद्यमशीलता, प्रविधि हस्तान्तरण, शिक्षा तथा पर्यटनका क्षेत्रमा प्रवासी नेपालीको सहभागिता बढाउन सके नेपाललाई दीर्घकालीन रूपमा लाभ पुग्नेछ ।

अन्ततः, एनआरएनए केवल एउटा संस्था मात्र होइन, यो विश्वभर रहेका लाखौं नेपालीहरूको साझा भावना, आशा र पहिचानको प्रतीक हो । त्यसैले यसको नेतृत्व, नीति र कार्यदिशा पनि त्यही भावनाअनुसार जिम्मेवार, पारदर्शी र दूरदर्शी हुन आवश्यक छ ।

१२औं महाधिवेशनले संगठनभित्रको एकतालाई अझ मजबुत बनाउँदै प्रवासी नेपालीहरूको आवाजलाई विश्वमञ्चमा अझ प्रभावकारी रूपमा उठाउने विश्वास लिइएको छ । यदि यो महाधिवेशनले विधि, पारदर्शिता, सहकार्य र संस्थागत सुदृढीकरणलाई केन्द्रमा राखेर अघि बढ्न सक्यो भने एनआरएनए भविष्यमा अझ सशक्त, प्रभावशाली र विश्वसनीय संस्थाका रूपमा स्थापित हुनेमा कुनै शंका छैन ।

**(गैरे, अन्तर्राष्ट्रिय समन्वय परिषद् गैरआवासीय नेपाली संघ (एनआरएनए)का सचिव हुन् ।)**

## सामाजिक सञ्जाल



**सुन्दरी पोखरेल**

केपी ओलीका पिता मोहनप्रसाद ओलीको निधनमा सामाजिक सञ्जालमा देखिएका खुसीका टिप्पणीहरूले नेपाली समाजको बढ्दो राक्षसीकरण देखाउँछ । मृत्युमा हाँस्नु वा कामना गर्नु अमानवीय हो । असहमति हुन सक्छ, तर मृत्युमा सम्मान र मानवता जोगाउनु सभ्य समाजको आधार हो ।



**रोशन भट्टराई**

मैले रास्वपाको चुनावी सभाहरू हेरें । याद गर्नुभयो, त्यहाँ आसनग्रहण, सम्बोधनअघि कुर्सीमा बस्ने सबैलाई आदरणीय फलानो चिलायो केही थिएन, माइकमा गए जे भन्नु छ, त्यही कुराबाट सुरु । म खादा माला आसनग्रहणजस्ता औपचारिकता मन नपर्ने मान्छे, रास्वपाको सुरुवात खुब मनपऱ्यो । नचाहिने ढाडस बन्द ।



**अजित बराल**

जनताले आशा गरेका प्रचण्ड र डा. बाबुराम भट्टराईले हामी त गान्धीजस्तै राजनेता हुन्छौं भनेका थिए, उनीहरू कस्ता नेता भए ? एकपटक जनताको अपार माया पाएका केपी ओलीसँग 'प्रचण्ड' बहुमत थियो, उनको हालत के छ अहिले ? सगरमाथाबाट खस्न बेर लाग्दैन, गफ नदिऔं, डेलिभरी गरौँ । बालेन सरकारलाई, शुभकामना !



**उषाकिरण तिम्सिना**

जनता राणाहरूसँग झुकेनन्, पञ्चायतसँग झुकेनन्, तपाईंहरू जनताले दिएको पिठो, खोले खाएर यहाँ आइपुगेपछि जनतासँग 'लेभल' नै नमिलेपछि के गर्नु त, कम्तीमा ४०औं हजार भोट अन्तर अन्तर्घात होइन, जनताले नपत्याएका हुन् भनेर स्विकार्नु पर्छ । त्यहाँबाट सुरु हुन्छ सच्चिने विषय ।

# बिनादरबन्दी चलिरहेको अस्पताल सुधार्ने डा.तिवारीको प्रयास

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ चैत




अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा रहेको प्रमुख सरकारी स्वास्थ्य संस्था जिल्ला अस्पताल अहिले विशेषज्ञ जनशक्ति अभाव र कमजोर भौतिक पूर्वाधारका कारण गम्भीर चुनौतीको सामना गरिरहेको छ। दरबन्दीअनुसार चिकित्सक नहुँदा अस्पतालले प्रभावकारी स्वास्थ्य सेवा दिन नसकेको अस्पतालका चिकित्सकहरू बताउँछन्।

जिल्लाको मुख्य सरकारी अस्पताल भए पनि यहाँ ९ जना स्थायी विशेषज्ञ चिकित्सकको दरबन्दी रहेको छ। तर हाल अस्पताल प्रमुख डाक्टर जगन्नाथ तिवारी बाहेक अन्य स्थायी विशेषज्ञ चिकित्सक छैनन्। अस्पतालमा कार्यरत एमडीजिपी विशेषज्ञ डाक्टर खगेन्द्र आचार्य लगायतका चिकित्सकले सामान्य शल्यक्रियासमेत गरिरहेका छन्।

विशेषज्ञ चिकित्सक अभावका कारण जटिल प्रकृतिका बिरामीलाई उपचारका लागि बुटवल वा पाल्पा रिफर गर्नुपर्ने बाध्यता रहेको चिकित्सकहरू बताउँछन्। सामान्य शल्यक्रिया जिल्लामै भए पनि स्त्रीरोग, बालरोग तथा आन्तरिक रोगसम्बन्धी जटिल उपचारका लागि बिरामीहरूलाई जिल्लाबाहिर जानुपर्ने अवस्था छ। यस्तो चुनौतीपूर्ण परिस्थितिमा पनि अस्पताल प्रमुख डाक्टर तिवारीसहितका चिकित्सकले सेवा सुधार र व्यवस्थापनलाई प्राथमिकता दिँदै दिनरात खटिएको अस्पताल पुगेका बिरामीहरू बताउँछन्। सीमित स्रोतसाधन र जनशक्ति अभावका बाबजुद पनि अस्पताललाई व्यवस्थित बनाउने प्रयास जारी रहेको छ। अस्पतालमा उपलब्ध सेवा विस्तार, व्यवस्थापन सुधार तथा सकेसम्म बिरामीलाई जिल्लामै उपचार उपलब्ध गराउने प्रयास भइरहेको अस्पताल प्रशासनको भनाइ छ।

अस्पतालको मुख्य समस्या भनेको पर्याप्त जनशक्ति र पूर्वाधार अभाव नै रहेको भन्दै कर्मचारीहरूले अर्घाखाँचीबाट निर्वाचित सांसद हरिप्रसाद भुसालको ध्यानाकर्षण गराएका छन्। अस्पताल निरीक्षण तथा सम्मान कार्यक्रममा पुगेका सांसद भुसाललाई चिकित्सकहरूले अस्पताल भवन साँघुरो भएको, स्वास्थ्य उपकरण अभाव रहेको तथा वार्ड व्यवस्थापन र सेवा विस्तारका लागि आवश्यक संरचना र दरबन्दी नभएकाले समस्या भइरहेको जानकारी गराएका थिए।

जिल्ला अस्पताललाई ५० शय्याको दरबन्दीमा स्तरवृद्धि गर्न सकेमा धेरै समस्या समाधान हुने सरोकारवालाको भनाइ छ। यसका लागि प्रदेश सरकार र स्वास्थ्य मन्त्रालयबाट निर्णय आवश्यक रहेको बताइएको छ।

अर्घाखाँचीका नागरिकहरूले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई अस्पतालको समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन्। मुख्यमन्त्रीले स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएमा ५० शय्याको दरबन्दी स्वीकृत हुन सक्ने सम्भावना रहेको स्थानीयको विश्वास छ। मुख्यमन्त्री आचार्य नियुक्त भएको करिब डेढ वर्ष बितिसक्दा पनि अर्घाखाँची अस्पतालमा विशेषज्ञ चिकित्सकको स्थायी व्यवस्था हुन नसकेको भन्दै जिल्लाबासीले असन्तुष्टि व्यक्त गरेका छन्। नागरिकहरू भन्छन्,' कम्तीमा प्रमुख विशेषज्ञ सेवा उपलब्ध हुने गरी चिकित्सक पठाइयोस् र अस्पताललाई क्रमशः स्तरोन्नति गरियोस्।'

कर्मचारीहरूको गुनासो सुनेपछि सांसद भुसालले अस्पतालको स्तरवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले आवश्यक जनशक्ति व्यवस्थापन, विशेषज्ञ सेवा विस्तार तथा पूर्वाधार सुधारका लागि सम्बन्धित निकायसँग पहल गर्ने बताए। स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भए पनि अर्घाखाँचीका नागरिक अझै गुणस्तरीय उपचारबाट वञ्चित हुन बाध्य छन्। विशेषज्ञ चिकित्सक अभाव, पर्याप्त दरबन्दी नहुनु, अस्पताल भवनको कमी तथा सीमित स्रोतसाधनका कारण जिल्लाको स्वास्थ्य सेवा प्रणाली कमजोर बनेको हो। अस्पताललाई ५० शय्यामा स्तरोन्नति गर्दै विशेषज्ञ चिकित्सक पठाउने, आवश्यक जनशक्ति व्यवस्थापन गर्ने तथा नयाँ भवन निर्माण प्रक्रिया अघि बढाउन ढिलाइ नगर्न सांसद भुसालको ध्यानाकर्षण गराइएको एक कर्मचारीले बताए।

# चुनावी समीक्षा प्रतिवेदन बुझाउन कांग्रेसको परिपत्र



**काठमाडौं/मस-** नेपाली कांग्रेसले हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा पार्टीले अपेक्षा गरेअनुसारको नतिजा ल्याउन नसकेको भन्दै पराजयका कारणसहितको विस्तृत समीक्षा प्रतिवेदन माग गरेको छ।

पार्टी केन्द्रीय कार्यालयले सबै प्रदेशका प्रदेश कार्यसमितिका सभापति, जिल्ला सभापति र उम्मेदवारहरूहरुलाई परिपत्र गर्दै फागुन २१ गतेको निर्वाचनपछि प्राप्त निर्वाचन परिणामको समीक्षा, पराजयका कारणहरू, अनुभव, सुझाव तथा आगामी दिनमा सुधार गर्नुपर्ने विषयहरू समेटी विस्तृत समीक्षा प्रतिवेदन तयार पारी पठाउन निर्देश दिएको हो।

महामन्त्रीद्वय गुरुराज घिमिरे र प्रदीप पौडेलद्वारा हस्ताक्षरित परिपत्रमा फागुन २१ गते सम्पन्न निर्वाचनमा परिणाम निराशाजनक आएको उल्लेख गर्दै आत्मसमीक्षाको विषय बनाउन आग्रह गरिएको छ।

अनुशासन समितिको विवरण र निर्वाचन समीक्षा प्रतिवेदन चैत ३ गतेभित्र केन्द्रीय कार्यालयमा पठाइसक्न भनिएको छ।

पार्टी सदस्यहरूको व्यापक सहयोग, साथ र समर्पण हुँदाहुँदै पनि निर्वाचन परिणाम पार्टीले अपेक्षा गरे अनुसार आउन नसकेको यथार्थ सबैका लागि आत्म समीक्षाको विषय बनेको कांग्रेसले जनाएको छ।

साथै नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ३४ को उपधारा (३) बमोजिम जिल्ला अनुशासन समिति तथा सोही धाराको उपधारा (५) बमोजिम प्रदेश अनुशासन समिति गठन भएका जिल्लाहरूले अनुशासन समितिको संयोजक र सदस्यहरूको नाम, सम्पर्क नम्बर यथाशीघ्र पार्टी केन्द्रीय कार्यालयमा पठाउनु अनुरोध गरेको छ।

यदि उक्त समितिहरू गठन भई नसकेको भए सम्बन्धित जिल्ला तथा प्रदेश कार्यसमितिले अनुशासन समिति गठन गरी संयोजक तथा सदस्यहरूको नाम र सम्पर्क मोबाइल नम्बर सहितको विवरण आधिकारिक रूपमा केन्द्रीय कार्यालयमा पठाउन भनेको छ।


## काठमाण्डौं महानगरपालिका
**३२ नं. वडा कार्यालय, कोटेश्वर, काठमाण्डौं**

**ठेगाना थाहा नभएको अनिल कट्टेल (सम्पर्क नं. ९८११०८४०६३) को नाममा जारी भएको ३५ (पैतिस) दिन सूचना।**

**प्रकाशित मितिः-२०८२/१२/०२**

यस वडाको छाप्रो स्थित म ओम प्रकाश अग्रहरी बनियाको नाममा रहेको घरमा तपाईले बहालमा लिई प्रयोग गर्नुभएको पहिलो तल्लाको सटर बन्द गरी हालसम्म पनि सम्पर्कमा नआउनुभएकोले उक्त सटर खाली गराई पाउँ भनी म घरधनीले वडा कार्यालयमा उजुरी निवेदन दिएकोमा तपाई बहालमा बसेको सटरमा मिति २०८२/०३/०५ मा ३ (तीन) दिने, मिति २०८२/०३/०९ मा ७ (सात) दिने तथा मिति २०८२/०३/१९ गते मध्यान्ह दैनिकमा १५ (पन्ध्र) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत अनुपस्थित हुनु भएपश्चात् मिति २०८२/०४/१६ मा वडा कार्यालयबाट डोर खटी महानगरीय प्रहरी प्रभाग काँडाघारी, महानगर प्रहरी बल पुर्व क्षेत्र बानेश्वर र स्थानीय भद्र भलादमी पाँच जना समेतको सहयोग लिई ताल्वा फोडी मुचुल्का खडा गरी म घरधनीकै जिम्मामा रहने गरी कार्यसम्पन्न भएकोमा तत्पश्चात पनि प्रचलित कानुन बमोजिम ६ (छ) महिना कुर्दा समेत तपाई वडा कार्यालय तथा म घरधनीको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र तपाईले तिर्नु बुझाउनुपर्ने बहाल रकम भुक्तानी गरी मुचुल्कामा उल्लेखित सामान बुझीलिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त मुचुल्कामा उल्लेखित सामाग्रीहरुको सन्दर्भमा म घरधनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराउँदछु।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

जित बहादुर तामाङको नातिनी, धन बहादुर तामाङको छोरी, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ०६ बस्ने, यस बैंकको मेलम्ची शाखा कार्यालयको खातावाला विमल माया तामाङको मिति २०८२/११/१८ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बुबा धन बहादुर तामाङले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## हकदावी सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस **खुशी नेपाल संस्था (द.नं १४१/०७०/७१)** को मिति २०८२/०६/०७ गते बसेको १२ औं साधारणसभा ले यस संस्था लाई खारेज गर्ने सर्वसम्मतिले निर्णय गरेकाले खारेजी प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः संस्थासँग कसैको कुनै लेनादेना वा दावि विरोध भए आजका मितिले ३५ दिन भित्र मा संस्थामा जानकारी गराउनु होला। अन्यथा संस्था प्रचलित कानुन बमोजिम खारेज गरिनेछ।

**नेत्र लाल पाण्डे,**
**अध्यक्ष**
**खुशी नेपाल, ९८४१४२६४४०**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/०२**

**उजिन हेल्थ केयर प्रा. लि.** को मिति २०८२/११/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्थिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २८८१७०)** कायम गर्ने गरी मिति २०८२/११/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## मलेसियामा रोजगार

कम्पनी : **VME MATERIAL HANDLING SDN BHD** शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ चलानी नं.: ६०२५३४४७ LT. No.: 340008

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HMK MANUFACTURING SDN BHD** शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ चलानी नं.: ६०२५३४४९ LT. No.: 340005

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**D.N. Manpower Pvt. Ltd.**
Licence No. 1184/073/074
Tokha - 05, Basundhara, Kathmandu, Tel:- 01 - 4964311, 4986411
Email : dnmanpower@gmail.com

## जापानमा SSW अन्तर्गत वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLUE SKY JAPAN CO., LTD.** शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८२/११/२७ चलानी नं.: ६०२५३४३७ LT. No.: 339994

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Services | 10 | 15 | स. काममा दक्ष | 164400 | १,५२,८९२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | १ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ।**

Note:
- JFT–A2 (Japan Foundation Test) वा JLPT–N4 मध्ये कुनै एकमा भाषा पास गरेको हुनपर्नेछ।
- Food Service Skill पास गरेको हुनपर्नेछ। ★ जापानीज भाषा राम्रोसँग लेख्न, पढ्न, र बोल्न सक्ने हुनपर्नेछ।
- होटल वा रेष्टुरेन्ट इन्डष्ट्रिजमा कम्तिमा २ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ। ★ उमेर १८ वर्ष देखी ३० वर्ष सम्मको हुनपर्नेछ।
- शरिरमा कुनै पनि किसीमको टाटु (दाग) नभएको हुनपर्नेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं (ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३,
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ।



## 1. Invitation for Bids

**IFB No: 07/IDOMAK/082-83, First Date of publication: 2082/12/02 BS (2026/3/16 AD)**

1. IDO, Makawanpur invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding Single Stage Single Envelope and Single Stage Double Envelope Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**Projects under Single- Stage Single Envelop Bidding Procedure, Cost of Bidding Document: NRs. 3000**

| SN | Contract Id No. | Name of Projects | Estimated Amount with VAT (NRs) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | IDOMAK/W/ NCB/41/082/83 | Upgrading work of Jyamire Gogane Road at Indrasarowar-3,Makawanpur | 31,42,954.13 | 70,000 | REBID of IFB 05/ IDOMAK/082-83 published on 2082/10/15 |
| 2. | IDOMAK/W/ NCB/42/082/83 | Upgrading of Bhimsen Damar Kalidamar Simaltok Road connecting Bakaiya 4 and 11, Bakaiya-11, Makawanpur | 34,39,760.86 | 77,000 | |
| 3. | IDOMAK/W/ NCB/46/082/83 | Upgrading Approach road of Hetauda 6 and 7 connecting Hariyali Box Bridge and Omnagar Box Bridge, Hetauda-8, Makawanpur. | 41,03,634.96 | 91,000 | |
| 4. | IDOMAK/W/ NCB/47/082/83 | Construction of Barauli River Box Bridge at Furkechaur Diyabati Road, Makawanpur | 1,10,39,000.00 | 2,45,000 | |

**Projects under Single- Stage Double Envelop Bidding Procedure, Cost of Bidding Document: NRs. 5000**

| SN | Contract Id No. | Name of Projects | Bid Security Amount (NRs in Millions) | AACT (Nrs in Millions) | Minimum Work Experience of Similar size and nature: One motorable bridge construction project with value of at least.. NRs in Millions |
|---|---|---|---|---|---|
| 1. | IDOMAK/W/ NCB/48/082/83 | Construction of Jyamire Bridge, Makawanpurgadhi-05, Makawanpur | 0.78 | 46.46 | 12.39 |
| 2. | IDOMAK/W/ NCB/49/082/83 | Construction of Box bridge Connecting Manahari-03 And Hetauda-12 At Siddhkali | 1.8 | 53.75 | 28.66 |

3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. For double envelope bidding procedure, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document and details of cost of bid documents, bid validity, bid submission and opening dates for aforementioned projects are as follows

| S.N. | Contract Description | Pre-bid meeting Date and Time | Last date of submission Date and Time | Opening Date and Time | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | For rebid contracts | 2082/12/10 Time: 11:00am | 2082/12/18 Time: 12:00pm | 2082/12/18 Time: 1:00pm | 90 days | 120 days |
| 2 | For regular contracts | 2082/12/22 Time: 11:00am | 2083/01/03 Time: 12:00pm | 2083/01/03 Time: 1:00pm | | |

4. Bank Details for Bid Document Fee are as follows

| S.N. | Name of Bank | Office Name | Rajaswo Shirshak No | Deposit Account No | Office Code no |
|---|---|---|---|---|---|
| 1 | Rastriya Banijya Bank Ltd. | Infrastructure Development Office, Makawanpur | 14229 | 1000100200010000 | 3370132033 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original lastdate of bid submission.

## 2. Notice of Intent

**First Date of publication: 2082/12/02 BS (2026/3/16 AD)**

For the provision on sub clauses 27.2 of PPA, 2063, this is to notify all concerned bidders for the following contracts published in Saurya National daily on 2082/10/15 from this office, the following mentioned Lowest evaluated substantially responsive bidders are intended to award the contracts.

| SN | Contract Id No. | Name of Projects | Name and Address of Successful Bidder | Bid Amount (Including VAT and PS, Nrs) |
|---|---|---|---|---|
| 1 | IDOMAK/W/ NCB/37/082/83 | Construction of drain along Baljyoti School-Nabintole and Dakshinkali to Sichaikuna Road, Hetauda-5, Makawanpur | Seven Star Construction, Hetauda-13, Makawnpur | 18,74,155.45 |
| 2 | IDOMAK/W/ NCB/38/082/83 | Rigid Pavement Construction work of Bandevi Tole Road, hetauda-5, Makawanpur | Seven Star Construction, Hetauda-13, Makawnpur | 14,60,677.20 |
| 3 | IDOMAK/W/ NCB/39/082/83 | Construction of drain at Sachet Tole and Upgrading work of Sachet Tole Bikash Sanstha Road, Hetauda-5, Makawanpur | Jack Construction and Suppliers Pvt. Ltd, Makawanpurgadhi-05, Makawapur | 29,41,374.88 |
| 4 | IDOMAK/W/ NCB/40/082/83 | Maintenance and upgrading work at MahaLaxmi Khola Sector of Kulekhani-Phakhel -Humane-Pharping Road,Indrasarowar 2 & 4, Makawanpur | R.R. Builders and Suppliers Pvt. Ltd., Kirtipur-08, Kathmandu | 30,07,098.80 |

**Infrastructure Development Office**
**Makawanpur**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२ चैत २०८२ सोमबार
16 March 2026 Monday

# ‘पहाड’को टिजरमा युवा पलायनको कथा

**काठमाडौं/मस–** वरिष्ठ निर्देशक तुलसी घिमिरेको निर्देशनमा निर्माण भएको नयाँ नेपाली फिल्म ‘पहाड’को टिजर सार्वजनिक गरिएको छ । नेपाली समाजमा बढ्दो युवापलायन र त्यसका कारण पहाडी बस्तीहरू खाली हुँदै गएको यथार्थलाई मुख्य विषय बनाइएको उक्त फिल्म आगामी वर्ष २०८३ साल वैशाख १ गते अर्थात् नयाँ वर्षको दिन प्रदर्शनमा आउने तयारी गरिएको छ ।



लेखकसमेत रहेका निर्देशक घिमिरेले फिल्मले नेपाली पहाडको बदलिँदो यथार्थलाई चित्रण गरेको बताए । उनका अनुसार पहाड प्राकृतिक रूपमा अत्यन्त सुन्दर भए पनि पछिल्ला वर्षहरूमा युवाहरू विदेश पलायन हुँदा गाउँबस्ती सुनसान बन्दै गएको अवस्था फिल्ममा प्रस्तुत गरिएको छ ।

उनले भने, ‘पहाड आफैंमा अत्यन्त सुन्दर ठाउँ हो। यसलाई सुन्दर बनाउन हाम्रा पुर्खा र अग्रजहरूले जीवन समर्पण गरेका छन् । तर अहिले त्यही पहाड क्रमशः उजाड बन्दै गएको छ । युवाहरू रोजगारीका लागि विदेश पलायन भएका छन्, धेरैले बसाइँसराइ गरेका छन् । यही यथार्थलाई केन्द्रमा राखेर फिल्मको कथा तयार गरेका छौं, जसलाई समग्र नेपालको कथा पनि भन्न सकिन्छ ।’ निर्देशक घिमिरेका अनुसार फिल्मको प्रदर्शन मिति तय गर्दा वितरण पक्षसँग छलफल गर्दै नेपालसहित अन्तर राष्ट्रिय बजारलाई समेत ध्यानमा राखिएको छ । पोस्ट-प्रोडक्सनलगायत बाँकी काम पूरा गर्ने समय मिलाएर आगामी वैशाख १ गते प्रदर्शनको योजना बनाइएको उनले जानकारी दिए ।

फिल्ममा नेपाली चलचित्र क्षेत्रमा लामो समयदेखि सक्रिय कलाकारहरूको बलियो टोली देखिनेछ । यसअघि ‘बलिदान’मा सहकार्य गरेका मदनकृष्ण श्रेष्ठ, ‘चिनो’का कलाकार शिव श्रेष्ठ र चर्चित अभिनेता सुनिल थापालाई पनि यस फिल्ममा समेटिएको छ । निर्देशक घिमिरेले विगतका सफल सहकार्यलाई स्मरण गर्दै पुनः सँगै काम गर्ने प्रस्ताव गरेको र कलाकारहरूले उत्साहपूर्वक स्वीकार गरेको बताए । उनका अनुसार पुरानो अनुभव र नयाँ पुस्ताको ऊर्जा मिसाएर फिल्म निर्माण गरिएको छ । ‘फिल्मको पटकथा तयार गर्दा पात्रहरूमा यी कलाकारहरू उपयुक्त देखिएपछि पुरानो सहकार्यलाई पुनः ताजा बनाउने सोच आयो । सबै कलाकारले सकारात्मक प्रतिक्रिया दिनुभयो र हामीले पुरानो समय सम्झँदै नयाँ उत्साहका साथ काम गरेका छौं,’ उनले भने । घिमिरेले यो फिल्मले मनोरञ्जन मात्र नभई समाज र परिवारमा सोच्न बाध्य पार्ने सन्देश पनि दिने विश्वास व्यक्त गरे ।

फिल्ममा विपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ र उमा गिरी लगायतका कलाकारहरूको अभिनय रहेको छ । निर्देशक घिमिरेले आफ्नी कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै फिल्ममार्फत अभिनेत्रीका रूपमा दर्शकमाझ प्रस्तुत गर्न लागेका छन् । यस्तै, उनकी जेठी छोरी भावना घिमिरेले फिल्ममा प्रोडक्सन डिजाइनरको जिम्मेवारी सम्हालेकी छिन् ।

भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा प्रख्यात संगीतकार रञ्जित सिंह गजमेर संगीत निर्देशक रहेका छन् । उत्तम रसाइली प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता सुरेन्द्र लामा थिङ, ओजस्वी केसी, रिम्पोछे लामा थिङ र उमा गिरी रहेका छन् भने भारती घिमिरे क्रिएटिभ निर्माताको भूमिकामा छिन् ।


## शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्ती:** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ । भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।

**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

PLEXUS®

रोजगारदाता कम्पनी - प्लेक्सस् म्यानुफ्याक्चरिङ एसडिएन. बिएचडी.
Employer Company - Plexus Manufacturing Sdn. Bhd.
ठेगाना - बायन लेपास, पेनाङ, मलेसिया
Address - Bayan Lepas, Penang, Malaysia
फोन - +६०४ ६३२ २००१, Phone - + 604 632 2001

**कम्पनीको बारेमा** - प्लेक्सस् म्यानुफ्याक्चरिङ एसडिएन. बिएचडी., १९९६ मा स्थापना भएको मलेसियामा आधारित इलेक्ट्रोनिक्स म्यानुफ्याक्चरिङ सेवा प्रदायक कम्पनी हो र यो अमेरिका स्थित Plexus Corp. को सहायक कम्पनी हो, जसको मुख्यालय नेनाह, विस्कन्सिन, अमेरिका मा रहेको छ । कम्पनीले PCB एसेम्ब्ली, सिस्टम एकीकरण, परीक्षण तथा उत्पादन जीवनचक्र सेवाहरू प्रदान गर्दै औद्योगिक इलेक्ट्रोनिक्स, स्वास्थ्य, एयरस्पेस, रक्षा र संचार क्षेत्रलाई सेवा प्रदान गर्दछ ।

**About Company** - Plexus Manufacturing Sdn. Bhd., established in 1996, is a Malaysia-based electronics manufacturing services company located in Penang and a subsidiary of Plexus Corp., USA, a global leader in design, manufacturing, and supply chain solutions with its corporate headquarters in Neenah, Wisconsin, USA. The company provides comprehensive services including PCB assembly, systems integration, testing, and product lifecycle solutions for industries such as industrial electronics, healthcare, aerospace, defence, and communications.

| पूर्व स्वीकृत मिति - २०८२/११/२८ Pre-approval Date - 2026/03/12 | लट नम्बर - ३४००११ LT No. - 340011 | चलानी नम्बर - ६०२५३३८३ Invoice No. - 60253383 |
|---|---|---|

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accommodation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | २३० 230 | ० 0 | एस.एल.सी र सो भन्दा बढी SLC & Above | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer |

### महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ । इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं । Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः औद्योगिक कामदार / इलेक्ट्रोनिक्स म्यानुफ्याक्चरिङ सेवा तथा समाधान– PCB एसेम्ब्ली, सिस्टम एकीकरण, परीक्षण तथा उत्पादन जीवनचक्र सेवाहरू । Scope / Nature of Job: Factory Worker / Electronics manufacturing services and solutions- PCB assembly, systems integration, testing, and product lifecycle solutions.
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २-५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ । Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन । The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन । Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ । Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन । No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ । Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ । To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ । If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन । This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं । तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं । We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ । Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ । तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ । All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ । यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ । आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ । TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel**
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउन हुन अनुरोध गर्दछौं । तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन् । If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत ०६ गते हुनेछ।
Pre Interview will be held on 20 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.
फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १३ र १४ गते हुनेछ।
Final Interview will be held on 27 & 28 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः–** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । **Information provided by the Department of Foreign Employment (DOFE):-** 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002 | Celebrating 24 years | TFHI - OTL Certified Recruitment Agency | ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **GOLDEN ARCHIVERS INTERNATIONAL PVT. LTD.** इजाजत पत्र न. (१५३३/०७८/०७९) मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Jiban Tamang | Operation Manager | 61029 |
| २. | Ganga Bishwokarma | Documentation | 3112/1077 |
| ३. | Krishna Prasad Pandey | Marketing Manager | 41-01-74-03043 |

**Golden Achivers International Pvt.Ltd.**
श्रम इजाजत पत्र नं. १५३३/०७८/०७९
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Email: info@goldenach.com, web:www.goldenach.com

## सुदूरपश्चिम प्रदेश सरकार
### उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
### वन निर्देशनालय
### डिभिजन वन कार्यालय
पहलमानपुर, कैलाली

**बोलपत्र पत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८२/१२/०२

यस कार्यालयबाट मिति २०८२/१०/२७ मध्यान्ह दैनिकमा प्रकाशित सूचना बमोजिम E-Bids बाट पेश हुन आएका बोलपत्र मध्ये देहायका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावगाहि भई स्विकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्विकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशील

| सि.नं. | बोलपत्र नं. कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक पिएस मु.अ.कर सहित |
|---|---|---|---|
| १ | River Bank Protection LamkiChuha Muncipality 2 & 4 DFO/W/NCB/2082/083-03 | Raj Nirman sewa Tikapur 09 Kailali | २३,११,४६४.६५ |
| २ | Mesh wire fence construction work Tikapur Muncipality 02 DFO/W/NCB/2082/083-04 | Puja Construction Dhangadi 07 kailali | ३६,०९,९९६.२६ |

बरिष्ठ डिभिजनल वन अधिकृत

## निसीखोला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**प्रारम्भिक वातावरणीय परिक्षण बारे सार्वजनिक सूचना !**

प्रकाशन मिति २०८२/१२/०२

बागलुङ जिल्लाको निसीखोला गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | निसीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देविस्थान, बागलुङ । |
| प्रस्तावको व्यहोरा | निसीखोला गाउँपालिका क्षेत्र अन्तर्गतका विभिन्न क्षेत्रहरु घोप्टे वसुन्धरा हर्षे (वडा नं १), बाहुनगाउँ ढुंगाखानी (वडा नं २), याडमाड ढुंगाखानी (वडा नं ३), भडभडे छरा डल्ला (वडा नं ५), मलेवा भिर (वडा नं ६) र राम्चे र द्वारी ढुंगा ढुंगाखानी (वडा नं ७), आदी क्षेत्र बाट निर्माणमुखी, डेकोरेटिव ढुङ्गा र ग्रावेलको दिगो उत्खनन् कार्यको लागि |
| प्रभाव पर्न सक्ने क्षेत्र | निसीखोला गाउँपालिकाको वडा नं. ३, ४, ५, ६ र ७ । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्रका वडा कार्यालय, विद्यालय, वन, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | निसीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देविस्थान, वागलुङ । फोन नं : ९८५७६७६९७६ इमेलः info@nisikholamun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | जिल इन्जिनियरिङ सोलुसन प्रा.लि., किर्तिपुर, काठमान्डौं, नेपाल । फोन नं ९८५१३४१४१७ ईमेल info.zealengineeringsolutions@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय राजविराज, सप्तरीका, तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/१२/०२ गते सोमबारको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका)

यस बैंकका ऋणी प्रदेश सरकार, प्रदेश नं. २, नेपाल उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी राजविराजमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०१/२१ गते प्रा.फ.नं. ५३४/०६५/०६६ भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय, लाहानबाट मिति २०६१/१२/१५ मा करदाताको नाम मन्जु देवी साह, कारोबारको नाम महालक्ष्मी ज्वेलर्स भई स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र ३०१८३६८०७ दर्ता भई सप्तरी जिल्ला कंचनपुर गा.बि.स. वडा नं. ६, स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री महालक्ष्मी ज्वेलर्स** (प्रो. श्रीमती मंजु देवी साह)ले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुँदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न भनि सूचना प्रकाशित गरी तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुँदा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको इ.प्रा. निर्देशन नं. १२/०८१, नं. ९ (३) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाइँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

तपसिल

| जमानतकर्ताहरुको विवरण : | |
|---|---|
| **जमानतकर्ता : अर्जुन कुमार सोनी सोनार** (ना.प्र.नं. १६२००९/१७३, मिति २०६६/०३/१६, जि.प्र.का. सप्तरी), ठेगाना : सप्तरी जिल्ला कन्चनपुर गा.वि.स, वडा नं. ९, हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ८ । बाबु : संजय कुमार साह सोनार । बाजे : अनिरुद्ध साह सोनार । | **जमानतकर्ता : संजय कुमार साह सोनार** (ना.प्र.नं. ३५६४३१४३, मिति २०३६/०३/३०, जि.प्र.का. सप्तरी) स्थाई ठेगाना : सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १३ (साविक हनुमाननगर गा.वि.स. वडा नं. ८), हालको ठेगाना : सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ८ । बाबु : अनिरुद्ध साह सोनार । बाजे : सुकुमार साह सोनार । |

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

## दावी विरोध सम्बन्धी
## बैदेशिक रोजगार विभाग काठमाडौंको
## सूचना

प्रकाशित मितिः २०८२/१२/२ गते

नेपाल सरकाबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Job Plus Careers Overseas Pvt. Ltd. (Orchid Overseas Pvt. Ltd.) (इ.प्र.नं. ६७२/०६३/०६४) ले यस विभाग समक्ष कपिलबस्तु जिल्ला कपिलबस्तु नगरपालिका वडा नं. १ मा शाखा कार्यालय खोली शाखा प्रमुखमा कपिलबस्तु जिल्ला नगरपालिका वडा नं. १ बस्ने श्री मधुसुधन विष्टलाई नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालयको ठेगाना र शाखा प्रमुख परिवर्तन गरी तपशिल अनुसारको कायम गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/११/२७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको ठेगाना र शाखा प्रमुख परिवर्तन भै जाने व्यहोरा समेत यसै सूचना बाट जानकारी गराईन्छ ।

तपशिल

| साविक शाखा र प्रमुख | अब कायम हुने शाखा प्रमुख |
|---|---|
| शाखा कार्यालय : कपिलबस्तु जिल्ला कपिलबस्तु नगरपालिका वडा नं. ०१ शाखा प्रमुख : मधुसुधन विष्ट कपिलबस्तु नगरपालिका वडा नं. ०१ । | कार्यालय : रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा. वडा नं. १० शाखा प्रमुख : मनिष्मा गोतामे क्षेत्री रुपन्देही जिल्ला बुटवल उ.म.न.पा., वडा नं. १५ । |

## काठ लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०२

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.ब.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

तपसिल

| सि. नं. | सामुदायिक वनको नाम / ठेगाना | लिलाम बिक्रि गरिने वन पैदावारको विवरण | | |
|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) |
| १ | कुलेभाट सा.ब.उ.स.परशुराम नगर पालिका-९ डडेल्धुरा | साल | ४५ | ५५७.७ |
| २ | केराबारी सा.व.उ.स.परशुराम नगर पालिका-९ डडेल्धुरा | साल | २४४ | २०३०.३३ |


## मलेसियामा रोजगार

कम्पनी : WANHOI GH SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ — चलानी नं.: ६०२५३४४२ — LT. No.:340002

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WANHOI GH SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ — चलानी नं.: ६०२५३४४१ — LT. No.:340001

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**THREE BROTHERS HUMAN RESOURCE PVT. LTD.** श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : AGRICULTURAL FOOD PRODUCTS CO. K.S.C — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/०२ — चलानी नं.: ६०२५३४३४ — LT. No.:332715 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 19 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५७,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light Vehicle(Nepal License) | 12 | 0 | | 150 | ७२,२५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK STAR MANPOWER SERVICES PVT. LTD.** श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, 9816935532, 9851359348, 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

# ‘महिला खेलकुदको विकासमा नीति सुधार र अवसर विस्तार आवश्यक’

**काठमाडौं/मस–** अल नेपाल स्पोर्ट्स फाउन्डेसन (एएनएसएफ)ले अन्तर ाष्ट्रिय महिला दिवसको अवसर पारेर ‘वुमन इन स्पोर्ट्स कन्क्लेभ–२०२६’ आयोजना गरेको छ। राजधानीमा सम्पन्न कार्यक्रममा स्थानीय जनप्रतिनिधि, खेलकुद निकाय, ओलम्पिक नेतृत्व तथा खेल विज्ञहरूको सहभागितामा नेपाली खेलकुदमा महिलाको उपलब्धि, चुनौती र सम्भावनाबारे व्यापक छलफल गरिएको थियो। कार्यक्रममा खेल क्षेत्रमा महिलाले भोगिरहेका अवरोध हटाउने, नेतृत्व विकास गर्ने, खेलमार्फत आर्थिक सशक्तीकरण बढाउने तथा समावेशी खेल वातावरण निर्माण गर्ने विषयमा विचार-विमर्श भएको थियो।




बागमती प्रदेशकी युवा तथा खेलकुद मन्त्री उर्मिला नेपालले महिला खेलाडीहरूको प्रतिभालाई राज्यले प्राथमिकता दिँदै आवश्यक नीति तथा कार्यक्रम अघि बढाइने बताइन्। उनले महिला खेलकुद प्रवर्धनका लागि आगामी दिनमा एएनएसएफसँग सहकार्य गरिने प्रतिबद्धता जनाइन्।

नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाले महिला नेतृत्व, आर्थिक सशक्तीकरण र खेलकुदबीचको सम्बन्धबारे चर्चा गर्दै खेलकुद पर्यटनको विकासमा निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको बताइन्।

राष्ट्रिय खेलकुद परिषद्का कार्यकारी सदस्य सुवर्ण श्रेष्ठले राष्ट्रिय खेलकुदको समग्र विकासका लागि सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले एकताको सन्देश प्रवाह गर्ने बताए।

निर्मला फाउन्डेसनकी अध्यक्ष निर्मला भण्डारीले अपाङ्गता भएका व्यक्तिहरूका लागि अनुकूलित खेलकुदको महत्वबारे प्रकाश पार्दै समावेशी खेल संरचना विकास गर्नुपर्नेमा जोड दिइन्।

मोटरस्पोर्ट्स खेलाडी प्रज्ञा कँडेलले आफ्नो खेल यात्राका अनुभव सुनाउँदै निरन्तर मेहनत र आत्मविश्वासका साथ अघि बढेमा महिलाले अन्तर्राष्ट्रिय स्तरमा समेत सफलता हासिल गर्न सक्ने बताइन्।

कार्यक्रमको मुख्य आकर्षण ‘बाधा हटाउँदै : खेलाडी यात्रा र लचिलोपन’ शीर्षकको प्यानल छलफल थियो। पहिलो सत्रमा राष्ट्रिय टोलीका महिला खेलाडीहरू दीपाशाही (फुटबल), पूजा महतो (क्रिकेट), सुमित्रा रेग्मी (भलिबल), ओलम्पियन सन्तोषी श्रेष्ठ (एथलेटिक्स) र कराते खेलाडी आरिका गुरुङले आफ्नो खेल यात्रा, चुनौती र सफलताका अनुभव साझा गरेका थिए। उनीहरूले सामाजिक धारणा, पारिवारिक दबाब र खेल पूर्वाधारको अभावजस्ता चुनौतीका बाबजुद निरन्तर अभ्यास र आत्मविश्वासले सफलता सम्भव हुने बताए।

दोस्रो सत्रमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, जिल्ला समन्वय समिति प्रमुख सन्तोष बुढाथोकी, तारकेश्वर नगरपालिका उपप्रमुख सिर्जना बर्लाकोटी, खेल विज्ञ सुलोचना सिजाख्वा र खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले महिला खेलकुदको विकास, नीति सुधार, प्रशिक्षण अवसर तथा पूर्वाधार विस्तारका विषयमा धारणा राखेका थिए।

अध्यक्ष श्रेष्ठले खेलकुद नीतिमा समयानुकूल सुधार गर्दै महिला खेलाडीलाई थप अवसर उपलब्ध गराउनुपर्नेमा जोड दिए। उनले महिला खेलकुद प्रवर्द्धनका लागि एएनएसएफले थालेको पहल सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा नेपाल ओलम्पिक कमिटीसँग सहकार्य विस्तार हुने बताए।

जिल्ला समन्वय समिति प्रमुख बुढाथोकीले स्थानीय तहबाटै खेलाडीलाई अवसर र प्लेटफर्म उपलब्ध गराउनुपर्नेमा जोड दिए। उनले स्थानीय, प्रदेश र संघीय सरकार, राष्ट्रिय खेलकुद परिषद् तथा ओलम्पिक कमिटीबीच समन्वय आवश्यक रहेको बताए।

तारकेश्वर नगरपालिका उपप्रमुख बर्लाकोटीले नेपाली खेलकुद क्षेत्रमा महिलाले अझै विभिन्न चुनौती सामना गरिरहेकाले महिला खेलाडी सशक्तीकरणका लागि स्थानीय सरकारबाट आवश्यक पहल गरिने बताइन्। खेल विज्ञ सुलोचना सिजाख्वाले धेरै महिला खेलाडीले परिवार र खेलकुद करियरबीच सन्तुलन कायम गर्न संघर्ष गर्नुपर्ने अवस्था रहेको औंल्याइन्।

कार्यक्रममा एएनएसएफका कार्यकारी निर्देशक सञ्जय अधिकारीले स्वागत मन्तव्य राख्दै नेपालमा महिला खेलकुदलाई अझ व्यवस्थित र अवसरमूलक बनाउने उद्देश्यका साथ फाउन्डेसनले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए।

यसैबीच फाउन्डेसनले आगामी जेठ महिनामा ‘छायानाथ अल्ट्रा म्याराथन’ आयोजना गर्ने घोषणा पनि गरेको छ। आयोजकका अनुसार उक्त प्रतियोगिता विशेषगरी महिला धाविकाका लागि महत्वपूर्ण प्लेटफर्म बन्ने अपेक्षा गरिएको छ, जसले दुर्गम क्षेत्रका महिलालाई एन्डुरेन्स तथा ट्रेल खेलकुदमा सहभागी हुने अवसर प्रदान गर्ने विश्वास गरिएको छ।

उपलब्ध तथ्यांकअनुसार नेपालमा संगठित खेलकुदमा केटीहरूको सहभागिता करिब ८ प्रतिशत मात्र रहेको छ भने केटाहरूको सहभागिता करिब २८ प्रतिशत पुगेको छ। यही असन्तुलन घटाउँदै महिला खेलकुदको आवाज बलियो बनाउने उद्देश्यले कन्क्लेभ आयोजना गरिएको आयोजकले जनाएको छ।

---

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, जुम्ला

**बोलपत्र आह्वान सम्बन्धी सुचना**

प्रकाशित मिति २०८२/१२/०२

यस आयोजना अन्तर्गत तपशीलमा उल्लेखित निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। आवश्यक थप जानकारीको लागि वेवसाइट www.bolpatra.gov.np/egp मा भएको सम्वन्धित बिड डकुमेन्ट हेर्नहुन अनुरोध गरिन्छ।

| S. N. | Contract No. | Description of Works | Estimated Cost (Inclusive of PS and Without VAT) | Bid Security (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | PUDBC/Jumla/Work/NCB/06-2082/083 | Ekikrit Government Office Building Construction work | ३४,४७,८४४।१७ | १,१०,०००।०० | ३,०००।०० |
| 2 | PUDBC/Jumla/Work/NCB/10-2082/083 | Emergency Celtre Construction work at Jagdulla Rural Municipality, Dolpa | ३४,४६,९४७।११ | १,१०,०००।०० | ३,०००।०० |
| 3 | PUDBC/Jumla/Work/NCB/11-2082/083 | Emergency Celtre Construction work at Tilagupha Municipality, Kalikot | ५१,८०,१९८।९७ | १,६०,०००।०० | ३,०००।०० |
| 4 | PUDBC/Jumla/Work/NCB/12-2082/083 | Office Building Maintenance at High Court Jumla Bench | १७,२५,२७०।४१ | ५५,०००।०० | ३,०००।०० |
| 5 | PUDBC/Jumla/Work/NCB/13-2082/083 | Construction of infrastructure at Rum, Tripurasundari Municipality, 2 Dolpa | ३४,४०,६५२।८२ | १,१०,०००।०० | ३,०००।०० |
| 6 | PUDBC/Jumla/Work/NCB/14-2082/083 | Construction of Hostel Building at Karnali Technical School Jumla | Double Envelop | ८,१५,०००।०० | ५,०००।०० |
| 7 | PUDBC/Jumla/Work/NCB/15-2082/083 | Construction of Infrastructure Development at Tripurakot Ma.Vi., Maddhu, Araniko Sadharan Ma.Vi., Kaike, Dolpo Campus, Tripura Ma.Vi/, Tripurakot, Kanchannjunga, Huma, Dhaulagiri Aa. Vi. Rawatbada, Kasturi Ma.Vi., Navajyoti, Suryadaya, Bhairab, Bhanu, Danfe, Mallika, Annapurna, Rara, Kailash, Chandannath Vidhalaya in Tripurasundari Municipality, Thulibheri Municipality, Kaike Rural Municipality, Mudkechula Rural Municipality, Dolpa | Double Envelop | ८,१५,०००।०० | ५,०००।०० |

**नोट** : मिति २०८२/१०/२३ गते प्रकासित ठेक्का नं. PUDBC/Jumla/Work/NCB/06-2082/083 Ekikrit Government Office Building Construction work को ठेक्का कारण बस रद्ध गरी पुन बोलपत्र प्रकासित गरिएको व्यहोरा जानकारी गराईन्छ।

**आयोजना प्रमुख**

---

## नबिल बैंक लिमिटेड, जनकपुर पिडारीचोक शाखा, धनुषाको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**प्रकाशित मितिः २०८२/१२/०२**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०५/२४ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा जनकपुर पिडारीचोक शाखा, धनुषा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्ततीमा मिति **२०७६/०३/०८** मा प्रा.फ.नं ६४३५/२१/०७५/०७६ अन्तर्गत दर्ता भएको **गौसिया पशुपंक्षि फार्म**।
ठेगानाः महोत्तरी जिल्ला, वलवा न.पा वडा नं ०९।

**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः**
दुखा शेषको नाती, मोसिम शेषको छोरा महोत्तरी जिल्ला, धमौरा गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल महोत्तरी जिल्ला, वलवा न.पा वडा नं ०९ बस्ने, नागरिकता नं. १८-१-०४२/७७ (जारी मितिः २०६४/१२/१३, स्थान महोत्तरी) भएको **सहिम शेष**।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. लतिफ शेषकी छोरी, मोसिम शेषकी बुहारी, सहिम शेषकी श्रीमती महोत्तरी जिल्ला, धमौरा गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल महोत्तरी जिल्ला, वलवा न.पा. वडा नं. ०९ बस्ने, नागरिकता नं. १८-०१-७०/०६८४३ (जारी मितिः २०७०/०८/१६, स्थान महोत्तरी) भएकी **नजिरा खातुन**।

**धितोको विवरण**

महोत्तरी जिल्ला, धमौरा गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल महोत्तरी जिल्ला, वलवा न.पा. वडा नं. ०९ बस्ने **सहिम शेषको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, धमौरा गा.वि.स. वडा नं. १ सिट नं १ क मा अवस्थित कि.नं. २३६९ क्षेत्रफल ०-१-१६.७५-० विघा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा जनकपुर पिडारीचोक शाखा, धनुषा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/१६ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा जनकपुर पिडारीचोक शाखा, धनुषा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/१७ गते ३:०० बजे बैंकको **जनकपुर पिडारीचोक शाखा, धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको **नाम**मा खिचिएको “गुड फर पेमेण्ट” अर्थात् “भुक्तानी योग्य चेक” **(Good for Payment Cheque)** वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा जनकपुर पिडारीचोक शाखा, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

**मलेसियामा रोजगार**
कम्पनी : MAHZU CAFE SDN. BHD. शहरः Selangor
पूर्व स्वीकृत मितिः २०८२/१२/०१ चलानी नं.: ६०२५३४४४ LT. No.: 340009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Service Crew | 2 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ३, ४ र ५ गते (17, 18 & 19 March 2026) मा हुनेछ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९७६/०६७/०६८
SAMYOG OVERSEAS PVT. LTD.
तिनकुने, काठमाडौं ,नेपाल,फोनः ४११२३९८, ४११२३९९, फ्याक्सः४११२३९९
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com

**मलेसियामा रोजगार**
कम्पनी : THUMBPRINTS UTD SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मिति : २०८२/१२/०१ चलानी नं.: ६०२५३४४३ LT. No.: 340016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Machine Operator) | 10 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सदिक्षा ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोन नं: 014980181/014988200/014986525/9851130592/9860926821/9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

**साइप्रसमा रोजगार**
कम्पनीः PRIVATE EMPLOYMENT AGENCY (KOSTAKIS KONSTANIOU) शहरः CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०७/१८ चलानी नं.: ६०२४६८९९ LT. No.: 333222 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६७,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ९ गते (23 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामदारले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं १७५९/०८१/०८२
D.I.Recruitment Agency Pvt.Ltd.
Maharajgunj-3, Amrit Bhawan 3rd Floor, Kathmandu, Nepal. Tel No:01-5924237
Email:info@direc ruitmentagency.com, website: www.direcruitmentagency.com
Mobile No: 9802392285 / 9802392286 / 9851400933 / 9841147933

गो.हु.का.द.नं. ३३/०६२/०७०
२ चैत २०८२ सोमबार
16 March 2026 Monday

# ‘बेरोजगारी, भ्रष्टाचार र कुशासनका कारण जेनजी विद्रोह’

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १ चैत

गत भदौ २३ र २४ भएको जेनजी आन्दोलन सामाजिक, आर्थिक र सुशासनसम्बन्धी संरचनागत कमजोरीको परिणामका भएको एक अध्ययनले देखाएको छ ।

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर स्थित अर्थशास्त्र केन्द्रीय विभागले गरेको अध्ययनले जेनजी पुस्ताको आन्दोलन केवल आकस्मिक वा भावनात्मक विद्रोह मात्र नभएको निष्कर्ष निकालेको हो । यो प्रविधिमैत्री, शिक्षित र सामाजिक सञ्जालमार्फत सक्रिय रूपमा जोडिएका युवाको आन्दोलन भएको प्रतिवेदनको निष्कर्ष छ ।

अर्थ मन्त्रालयले प्रस्तुत गरेको प्रतिवेदन ‘जेनजी आन्दोलनको बुझाइ : मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र’ले कमजोर शासन प्रणाली, राजनीतिक अस्थिरता, नीति र कार्यान्वयनबीचको अन्तर, संस्थागत असक्षमता तथा राज्यका विभिन्न निकायमा युवाको न्यून प्रतिनिधित्वले युवामा असन्तोष देखिएको अध्ययनले देखाएको हो । भ्रष्टाचार, बेरोजगारी, अल्परोजगारी, न्यून तलब, उत्पादनमुखी अर्थतन्त्रको अभाव र उद्यमशीलताको सीमित अवसरले युवाको भविष्य असुरक्षित हुँदा आन्दोलन भएको उल्लेख गरिएको छ ।



आन्दोलनमा सहभागी अधिकांश युवा यसअघिका आन्दोलनमा संलग्न नभएकाले यसमा नयाँ पुस्ताको संगठित विस्फोट देखिएको हो । नेतृत्वविहीन भए पनि डिजिटल प्लेटफर्म र सामाजिक सञ्जालले आन्दोलनलाई व्यापक र संगठित बनाउन निर्णायक भूमिका खेलेको देखिन्छ । आन्दोलनका क्रममा भएको मानवीय र भौतिक क्षतिको प्रमुख कारण सरकारको कमजोरी, संवादहीनता र समयमै उपयुक्त निर्णय लिन नसक्नु रहेको अध्ययनले देखाएको हो ।

आन्दोलनमा शिक्षित वर्ग नै धेरै देखिए । सर्वेक्षणमा सहभागीमध्ये करिब ९८ प्रतिशतले माध्यमिकदेखि स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरेका भेटिएका छन् ।

आन्दोलनलाई अशिक्षित वा अनियन्त्रित भिडको गतिविधिभन्दा पनि सचेत र विश्लेषण गर्न सक्षम युवा पुस्ताद्वारा सञ्चालित सामाजिक-राजनीतिक अभियानका रूपमा चित्रण गरेको अध्ययनले जनाएको छ ।

सार्वजनिक संस्थाहरूमा रहेको उच्च स्तरको भ्रष्टाचार, सेवा प्रवाहमा हुने ढिलासुस्ती, नातावाद तथा कृपावादले युवाहरूमा राज्य प्रणालीप्रति गहिरो अविश्वास पैदा गरेको देखिन्छ । राजनीतिक नेतृत्व र उनीहरूका नातेदारको विलासी जीवनशैली तर इमानदार नागरिक राज्यको सुविधाबाट वञ्चित हुने अवस्थाले युवामा आक्रोश देखिएको अध्ययनले देखाएको हो ।

आन्दोलनमा ८४ अर्ब ४५ करोड ७७ लाखबराबरको भौतिक तथा आर्थिक क्षति भएको छ । जुन देशको कुल गार्हस्थ्य उत्पादनको करिब १.३८ प्रतिशत बराबर हुन्छ ।

आन्दोलनले सामाजिक र राजनीतिक क्षेत्रमा मात्र होइन, समग्र राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर प्रभाव पारेको अध्ययनले देखाएको हो । आन्दोलनका क्रममा २१६८ संस्था तथा निकाय प्रत्यक्ष रूपमा प्रभावित भएका छन्, जसले सार्वजनिक सेवा प्रवाह, व्यापार व्यवसाय तथा सामुदायिक गतिविधिमा समस्या सिर्जना गरेको छ । कुल क्षतिमध्ये करिब ५३ प्रतिशत (४४ अर्ब ९३ करोड ७३ लाख) क्षति सरकारी क्षेत्रमा भएको उल्लेख छ । सार्वजनिक पूर्वाधार, कार्यालय भवन, सरकारी सम्पत्ति तथा सेवा संरचनामा गम्भीर असर परेको छ । त्यस्तै, निजी क्षेत्रतर्फ करिब ४० प्रतिशत (३३ अर्ब ५४ करोड ८७ लाख) क्षति भएको छ, जसले उद्योग, व्यापारिक प्रतिष्ठान तथा निजी लगानीमा नकारात्मक प्रभाव पारेको अध्ययनले देखाएको हो । आन्दोलनबाट २६७१ भवनमा क्षति पुगेकोमा १३० वटाको मात्र बिमा भएको र क्षतिग्रस्त भवनमध्ये १८७५ वटा भवन आगलागी र तोडफोडका कारण नष्ट वा क्षतिग्रस्त भएको अध्ययनले देखाएको हो ।

# सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता सम्पन्न

**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनलको १९औं वार्षिकोत्सवको अवसरमा आयोजित नवौं सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । फागुन २९ र ३० गते दुई दिनसम्म काठमाडौंमा भएको प्रतियोगितामा व्यवस्थापन समूहअन्तर्गत आठ टिममा बैंकका ८४ जना विभाग तथा शाखाका कर्मचारीको सहभागिता रहेको बैंकले जनाएको छ ।



प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस्ता कार्यक्रमले संस्थागत संस्कारलाई मजबुत बनाउने मात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धतासमेत झल्काउने बताए । प्रतियोगिताका विजेतालाई प्रमुख कार्यकारी अधिकृतले पुरस्कार वितरण गरेका थिए ।

विश्वकै प्रतिष्ठित अवार्ड ‘बैंक अफ द इयर २०२४ र २०२५’को उपाधि प्राप्त गर्न सफल बैंकले यसअघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक ‘सिटिजन्स फोनपे क्रेडिट कार्ड’ भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । बैंकले नवयुवालक्षित बचत खाता ‘सिटिजन्स जेन-जी सेभिङ अकाउन्ट’ र ‘सिटिजन्स डिजी बैंक सेवा’ नामक एकीकृत अनलाइन प्लाटफर्म सञ्चालनमा ल्याएको छ ।

# ‘ओप्पो नयाँ वर्ष, नयाँ उमंग’ अभियान

**काठमाडौं/मस–** विश्वव्यापी स्मार्टफोन ब्रान्ड ओप्पोले आगामी नेपाली नयाँ वर्षलाई लक्षित गर्दै ‘ओप्पो नयाँ वर्ष, नयाँ उमंग’ अभियान सार्वजनिक गरेको छ । यस अभियानमार्फत देशभरका ग्राहकलाई साप्ताहिक रूपमा आकर्षक पुरस्कार जित्ने अवसर साथै बम्पर पुरस्कारको समेत घोषणा गरिएको छ ।




अभियान अवधिमा ओप्पो स्मार्टफोन खरिद गर्ने ग्राहकले लक्की ड्रमा सहभागी भई विभिन्न आकर्षक पुरस्कार जित्ने अवसर पाउनेछन् । यस अभियानको उद्देश्य चाडपर्वको उत्साहलाई अझ बढाउनुका साथै ब्रान्डप्रति भरोसा बढ्ने कम्पनीले जनाएको छ । अभियान अवधिभर प्रत्येक हप्ता एकजना भाग्यशाली ग्राहकलाई साप्ताहिक लक्की ड्रमार्फत ओप्पो ए६ स्मार्टफोन प्रदान गरिनेछ । लक्की ड्र तालिकाअनुसार पहिलो हप्ता चैत्र ८ (आइतबार), दोस्रो हप्ता चैत्र १५ (आइतबार), तेस्रो हप्ता चैत्र २२ (आइतबार) र चौथो हप्ता चैत्र २९ (आइतबार) लक्की ड्र सञ्चालन हुनेछ, जसअन्तर्गत प्रत्येक हप्ता एक-एकवटा ओप्पो ए६ स्मार्टफोन प्राप्त गर्नेछन् ।

उक्त अभियानको समापन नेपाली नयाँ वर्षको अवसरमा चैत्र ३०मा आयोजना हुने बम्पर ड्रसँगै हुनेछ । बम्पर ड्रमार्फत एकजना भाग्यशाली विजेताले रोयल इन्फिल्ड हन्टर ३५० मोटरसाइकल प्राप्त गर्ने कम्पनीले जनाएको छ ।

# ग्लोबल आइएमई बैंकको वित्तीय साक्षरता

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले ग्लोबल मनि विक २०२६को अवसरमा विद्यार्थी तथा युवालक्षित वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्न लागेको छ ।




बैंकले ग्लोबल मनि विक २०२६को अवसर पारेर मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापी रूपमा विद्यार्थी तथा युवालक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रम आयोजना गर्न लागेको हो । बैंकले ग्लोबल मनि विक २०२६को मुख्य नारा ‘स्मार्ट मनि टक्स’लाई आत्मसात् गरी यही मार्च १६ देखि मार्च २२, २०२६ सम्म बैंकका विभिन्न शाखा कार्यालयबाट वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गर्नेछ । बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामाग्री उत्पादन तथा प्रकाशन गरी आफ्नो आधिकारिक सामाजिक सञ्जालमार्फत पनि प्रसारण गर्नेछ । वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकले हरेक वर्ष आफ्ना शाखा कार्यालयमार्फत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा हालसम्म बैंकको ७० भन्दा बढी शाखा कार्यालयले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेका छन् ।

# भद्रपुरबाट दुई अर्ब ७० करोडभन्दा बढी राजस्व

**झापा/मस–** आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्षको पहिलो आठ महिनामा दुई अर्ब ७० करोड ५८ लाख ९८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । यो रकम सो अवधिका लागि तय गरिएको लक्ष्यको ८० दशमलव ४३ प्रतिशत हो ।

कार्यालयका प्रमुख कर अधिकृत गोपालबहादुर थापाका अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म तीन अर्ब ३६ करोड ४१ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो । फागुनमा मात्र ४४ करोड ५० लाख ८३ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ५७ दशमलव १७ प्रतिशत मात्र संकलन भएको उनले जानकारी दिए ।

कार्यालयका अनुसार आठ महिनामा आयकरबाट एक अर्ब २४ करोड ८२ लाख ४४ हजार, रुपैयाँ मूल्य अभिवृद्धि करबाट ९७ करोड ३२ लाख १८ हजार रुपैयाँ तथा अन्तःशुल्कबाट ३६ करोड ७० लाख ५३ हजार रुपैयाँ राजस्व संकलन भएको छ । प्रमुख कर अधिकृत थापाले गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पछिल्लो समय बजार अनुगमनलगायत गतिविधि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताए । लक्ष्य हासिल गर्न बजार अनुगमनलाई निरन्तरता दिने र करदातामुखी व्यवहारिक करशिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको उनले जानकारी दिए ।

# सन नेपाल लाइफको क्यालेन्डर लोकार्पण



**काठमाडौं/मस–** सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आगामी वर्ष २०८३ सालका लागि क्यालेन्डर ल्याएको छ । कम्पनीले आगामी वर्षको क्यालेन्डरलाई विशेष सन्देशसहित तयार पारेको छ, जसको मुख्य विषयवस्तु लोपोन्मुख वन्यजन्तु, दिगोपन, संरक्षण र संवर्द्धन रहेको छ । कम्पनीले सार्वजनिक गरेको क्यालेन्डरमा नेपालमा पाइने विभिन्न लोपोन्मुख जनावरहरूको तस्बिर समावेश गरिएको छ । प्राकृतिक सम्पदाको संरक्षण र भावी पुस्ताका लागि सुरक्षित भविष्य सुनिश्चित गर्नुपर्ने सन्देशलाई जीवन बिमाको मूल भावसँग जोड्दै क्यालेन्डर तयार गरिएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार क्यालेन्डरले प्रकृति संरक्षणप्रति जनचेतना फैलाउनुका साथै जीवन बिमाले प्रदान गर्ने सुरक्षा, संरक्षण र भविष्यप्रतिको तयारीको सन्देश पनि बोकेको छ ।

# कोकाकोलाको ‘मोमो फोमो’ अभियान सुरु




**काठमाडौं/मस–** कोकाकोलाले नेपालमा ‘मोमो फोमो’ नयाँ अभियान सुरु गरेको छ । कोकाकोलाको यो अभियान नेपालभरि चल्ने कार्यक्रम हो । जसले नेपालीहरूको मनपर्ने परिकार मोमोप्रतिको स्नेहलाई उत्सवका रूपमा मनाउन लागेको हो । मोमो यस्तो परिकार हो जसले सडक, घर र सहरका मानिसलाई एकअर्कासँग नजिक हुन मद्दत गर्छ ।

अभियानको मुख्य आकर्षण एउटा नयाँ डिजिटल कार्यक्रम हो । जसले देशभर घुम्दै नेपालका सबैभन्दा लोकप्रिय मोमो पाइने स्थानहरू खोज्नेछ । सहरका चर्चित रेस्टुरेन्टदेखि टोल-छिमेकमा लुकेका तर उत्कृष्ट मोमो पसलसम्म पुग्ने, नेपालमा मोमोको समृद्ध संस्कृतिलाई चिनाउने र ती स्थानका विशेष स्वाद चाख्ने अवसर दिने तथा पसल सञ्चालन गर्ने उत्साही व्यवसायीसँग भेट्न र हरेक स्थानलाई विशेष बनाउनेलगायत अनौठा कथाहरू प्रस्तुत गर्नेछ । नेपालमा मोमो र कोकाकोला लामो समयदेखि धेरैले मन पराउने खानाको जोडी बनेको छ । साथीहरूसँग छिटो खाजाका रूपमा, परिवारसँग घुम्न जाँदा वा राति अबेर खाना खान जाँदा मोमो र कोकाकोला धेरैका लागि प्रिय छनोट हो । अभियानमा नेपालभरका २०० भन्दा बढी मोमो पसल सहभागी छन् । ‘मोमो फोमो’ले नेपालको सबैभन्दा प्रिय खानामध्ये एक मोमोको विषयमा राष्ट्रिय स्तरमा उत्साह सिर्जना गर्दै स्थानीय खानाका नयाँ स्वादहरू खोज्न, यसका नायकहरूलाई सम्मान गर्न र मोमो तथा कोकाकोलाको लोकप्रिय संयोजनको आनन्द लिन सबैलाई प्रेरित गर्ने लक्ष्य राखेको छ ।




## सडक डिभिजन साँफेबगर, अछाम

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/१२/०२**

यस सडक डिभिजनबाट मिति २०८२/१०/२५ गते सौर्य दैनिकमा सूचना नं. ०३/०८२/८३ को प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरूको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरूको मुल्याङ्कन पछि न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही रहेका तपशिल ठेक्काहरूमा निम्न बोलपत्रदाताहरूको प्रस्ताब सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि सोही ऐनको दफा २७ उपदफा २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ |

**तपशिल**

| क्र. सं | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम | कबोल अंक (VAT बाहेक PS सहित ) |
|---|---|---|---|---|
| 1 | RRDSNF/ 33701138/082/083-14 | Road Rehabilitation Works on Sanfe-Martadi road Section, Bajura | Barjukot Construction And Suppliers Group Pvt. Ltd., Budhiganga Municipality-05, Bajura | ६१,९१,३४९.०० |
| 2 | RDSNF/ 33701136/082/83-17 | Traffic Safety Works on Chaukhutte-Sanfe-Martadi Road Section | L.M. Consultant and Construction Service Pvt. Ltd., Sanfebagar, Achham | ११,१९,६९७.५० |

डिभिजन प्रमुख

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**